का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ४४
❒ ३ चैत्र २०७६, सोमबार
❒ 16 March 2020, Monday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

### कोरोनाविरुद्ध

# सार्क सहकार्य

**❒ एमर्जेन्सी कोष स्थापना ❒ कोरोनाविरुद्ध लड्न नेपाल तयार छ : प्रम ओली**

**विश्वव्यापी महामारीको रूप लिएको कोरोना भाइरस रोकथामका लागि क्षेत्रीय सहयोग संगठन (सार्क) राष्ट्रका नेताहरूले आपसी सहकार्य गर्न प्रतिबद्धता जनाएका छन् ।**

**सार्कमा संक्रमण**

नेपाल १
श्रीलंका ११
माल्दिभ्स १३
पाकिस्तान ३८
भारत १०८
अफगानिस्तान १६
बंगलादेश ६
भुटान १

**देश**
१५६
**संक्रमित संख्या**
१६१०४८
**घर फर्किएका (९३ प्रतिशत)**
७५९५१
**मृत्यु**
५९७३ (७ प्रतिशत)
**बिरामी**
७९११६ (९३ प्रतिशत)
**गम्भीर बिरामी**
५६६३ (७ प्रतिशत)




**मध्यान्ह संवाददाता**
काठमाडौं, २ चैत्र

विश्वभरी महामारीको रुप लिएको कोरोना भाइरस (कोभिड १९) विरुद्ध लड्न सार्क राष्ट्रहरु सक्रिय भएका छन् । आइतबार सार्क राष्ट्रका नेताहरुले भिडियो कन्फ्रेन्स गरी कोरोना विरुद्ध लड्ने प्रतिबद्धता जनाएका हुन् । सोही क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले कोरोना भाइरसको रोकथाक र नियन्त्रणका लागि सार्क राष्ट्रबीच कोभिड-१९ एमर्जेन्सी कोष स्थापनाको पहल गरेका छन् । दक्षिण एसियामा कोरोनाको रोकथामलाई लिएर सार्क राष्ट्रका नेताबीच भएको भिडियो कन्फ्रेन्समा उनले एमर्जेन्सी कोष स्थापनाको पहल गर्दै भारतले त्यस कोषमा १० मिलियन (एक करोड) अमेरिकी डलर सहयोग गर्ने घोषणा गरे । उनले अन्य राष्ट्रहरुले समेत यसमा सहयोग गर्नेमा आशा व्यक्त गरेका छन् ।

भारतीय प्रधानमन्त्री मोदीले भारतले भाइरसविरुद्ध लड्न र्‍यापिड रेसपोन्स टिम स्थापना गरी चिकित्सकहरु तयारी अवस्थामा राखेको जानकारी दिए । यसका साथै भाइरस परीक्षण गर्ने किट र अन्य स्वास्थ्य उपकरणहरुसमेत तयारी अवस्थामा रहेको उनले सार्क नेताहरुलाई ब्रिफ गरे । उनले भने, 'आवश्यक परेमा चिकित्सकको टोली सार्क राष्ट्रमा परिचालन गर्न स्टयान्ड बाइ छ ।' मोदीले कोभिडका साथै अन्य भाइरसको रोकथामका लागि संयुक्त रिसर्च 'प्ल्याटफर्म' स्थापना गर्न सकिने प्रस्ताव समेत पेश गरेका छन् ।

कन्फ्रेन्समा नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले कोरोना भाइरससँग लड्न नेपाल तयार रहेको बताए । प्रधानमन्त्री ओलीले कोरोना भित्रन नदिन नेपालले सोही अनुसार तयारी गरिरहेको जानकारी सार्क राष्ट्रका अध्यक्षहरुलाई गराए । ओलीले एकजना कोरोना संक्रमित व्यक्तिको कोरोनाभाइरस (कोभिड-१९) को नतिजा नेगेटिभ आएको भन्दै गलत तथ्य प्रस्तुत गरे । ओलीले भने, 'एकजना बाहिरबाट आएका व्यक्ति शंकास्पद थिए तर परीक्षणको नतिजा नेगेटिभ आयो ।' चीनबाट आएका ती व्यक्तिमा कोरोना संक्रमण भएको पुष्टि भएको थियो । उनको घाँटी र नाकको र्‍याल नमूना जाँच गर्न हङकङ पठाइएकोमा नतिजा पोजेटिभ आएको थियो । त्यसबाहेक भने नेपालमा कोरोनाको संक्रमण देखिएको छैन । अहिलेसम्म पाँच सयभन्दा बढीको बाँकी पृष्ठ २ मा

# कमजोरी नेपालकै !

**विरेन्द्र साह/मध्यान्ह**
काठमाडौं, २ चैत्र



नेपाली पक्षकै कमजोरीले नेपालको भूभाग भारतमा मिसिएको भन्दै गृहमन्त्री रामबहादुर थापाको ध्यानाकर्षण गराइएको छ । नेपाली सर्भे टोलीले नै कञ्चनपुरमा नेपाली भूभाग भारतमा मिसाएको दाबीसहित कञ्चनपुरका सरोकारबालाहरुले गृहमन्त्रीको ध्यानाकर्षण गराइएका हुन् । आइतबार उनीहरुले गृहमन्त्री थापालाई ज्ञापनपत्र समेत बुझाएका छन् । कञ्चनपुरका सरोकारवालाहरुले मन्त्रालयमै ज्ञापन पत्र बुझाउँदै नेपाल-भारत संयुक्त सीमा सर्भे टोलीले सीमा रेखाङ्कन गर्दा मुख्य सीमा स्तम्भ (जंगे पिलर) लाई आधार बनाएर स्ट्रिप नक्सा बनाउनुपर्नेमा त्यसो नगरी केही स्थान भारतमा गाभिएको उल्लेख गरेका छन् ।

ज्ञापन पत्रमा भनिएको छ, 'कञ्चनपुरका ऐतिहासिक नेपाली भू-भागको सयौ हेक्टर जग्गा भारततिर पर्ने गरी एकतर्फी रूपमा स्ट्रिप नक्सा बनाइएको पाइएको छ । स्ट्रिप नक्सा तयार गर्न नेपालको तर्फबाट खटिएको तत्कालीन सीमा सर्भे टोलीले नेपाली सरोकारवालाहरुसँग कुनै सम्बन्ध नराखी भारतीय पक्षको टोलीसँग भारततिरै बसेर नेपाली भूभाग भारतमा मिसाएको हो ।'

भारतीय पक्षबाट ब्रिटिस सरकारका पालाको भन्दै गलत नक्सा पेश गरिएको र सोही नक्सालाई नेपाली पक्षको नापी टोलीले स्वीकार गरी स्ट्रिप नक्सा तयार गरिएकाले यस्तो समस्या उत्पन्न भएको सरोकारबालाहरुले गृहमन्त्रीलाई जानकारी गराए । बेल्डाँडी

**सीमा तोड्फोड**

गाउँपालिका-३ बैवाहामा रहेको साबिक ३२ नम्बर पिल्लरदेखि ३३ नम्बर पिलर र ३३ नम्बर पिल्लरदेखि ३४ नम्बर पिलरसम्म सीमांकन गर्दा २०२८ सालदेखि भोगचलन गर्दै आएको र लालपूर्जा भएको सयौं परिवारको जग्गा भारततिर पर्नेगरी नयाँ सीमाङ्कन गरिएको ज्ञापन पत्रमा उल्लेख छ ।

ज्ञापन पत्रमा भनिएको छ,'बेलौरी नगरपालिका-८ मा रहेको ३८ नम्बर स्तम्भलाई साक्षी स्तम्भको रुपमा मानिँदै आएकोमा सो पिलरदेखि ३ सय मिटर दक्षिण भएर बग्ने चौधर नदीको भारततर्फको किनारमा सीमा रहेकोमा उक्त स्थानमा नदीका कारणले पिल्लर राख्न अप्ठ्यारो भएको भन्दै भएकोले उच्चो ठाउँ खोजी नेपाल पट्टीको स्थानमा पिल्लर राखेको हो । हाल आएर सोही पिल्लरलाई सिमा स्तम्भ मानेकाले स्तम्भ नजिकबाट गईरहेको हुलाकी सडकसमेत भारतमा परेको भन्दै भारतीय सुरक्षाकर्मीले सडक निर्माण कार्य बन्द गराएको छ ।'

यस्तै बेलौरी तथा पुनर्वास नगरपालिकाको पनि सयौं बिघाह जमिन भारतमा गएको ज्ञापन पत्रमा उल्लेख छ । ज्ञापनपत्र बुझ्दै गृहमन्त्री थापाले नेपाली भूमि नै भारतमा जानु गम्भीर र संवेदनशील बिषय भएकाले नापी विभागका महानिर्देशकलाई बोलाएर आफूले तत्कालै बुझ्ने जानकारी दिए । मन्त्री थापाले गृह, परराष्ट्र र भुमिसुधार मन्त्रालयले समन्वय गरेर विवादित बिषय टुंगोमा पुर्‍याउने प्रतिबद्धतासमेत व्यक्त गरेका छन् ।

# कालोबजारी गर्ने पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ चैत्र



देशको राजधानी काठमाडौंमा मास्क र सेनिटाइजरको अभाव छ । तर, कालाबजारीहरुले ७८ हजार मास्क लुकाएर राखेका थिए । शनिबार महानगरीय प्रहरी वृत्त स्वयम्भु र नयाँबानेश्वर प्रहरीले ७८ हजार सर्जिकल मास्कसहित ८ जनालाई पक्राउ गरेको छ । कालोबजारी गर्न लुकाएर राखिएको अवस्थामा प्रहरीले छापा हान्दा उक्त परिणामको सर्जिकल मास्कसहित ८ जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको हो । महानगरीय प्रहरी स्वयम्भुका प्रमुख प्रहरी नायब उपरीक्षक (डीएसपी) लालध्वज सुवेदीले उनीहरूलाई काठमाडौंको डल्लुबाट पक्राउ गरेको जानकारी दिए । सुवेदीकाअनुसार पक्राउ पर्नेमा महाकाल मञ्जुश्री ट्रेडर्सका सञ्चालक मिन्टु तामाङ, अनिस कार्की, उज्वल अधिकारी, मानकाजी लामा, थुमराज उपाध्याय, नृप कार्की, गणेश तामाङ र शिव खड्का छन् ।

मञ्जुश्री सप्लायर्सबाट बरामद भएको सर्जिकल मास्क प्रतिगोटा भ्याटसहित करिब ३ रूपैयाँ पर्छ । सुवेदीका अनुसार एक प्याकेटमा ५० सर्जिकल मास्क रहेको छ । जुन प्याकेटको भ्याटसहितको बजार मूल्य १५० रुपैयाँ हुन्छ । अनिस कार्की र शिव खड्काले उज्जवल अधिकारीसँग प्रतिगोटा २५ रुपैयाँमा खरिद गर्ने गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ । प्रहरीका अनुसार २५ रुपैयाँमा किनेको मास्क उनीहरूले ५० रुपैयाँसम्ममा बेच्ने योजना बनाएका थिए । सुवेदीका अनुसार पक्राउ परेकाहरुविरूद्ध कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२ दफा ५ वमोजिम कारवाही गर्ने तयारी गरिएको छ । बजारमा कुनै मालको कृत्रिम अभाव हुने गरी सो सामानको मूल्यवृद्धि गराएर अनुचित नाफा लिइ बजारमा बिक्री गर्ने नियतले डिलर वा एजेण्टलाई १० वर्ष कदै वा जरिवाना हुने कानुनी व्यवस्था छ ।

फागुन ३० गते शुक्रबार दिउँसो महानगरीय प्रहरी वृत्त नयाँ बानेश्वरका डीएसपी दुर्गाराज रेग्मीलाई मास्कमा कालोबजारी हुने गरेको भन्दै एक व्यक्तिले जानकारी दिएका थिए । डीएसपी रेग्मीले आफ्नो प्रहरी टोली परिचालन गरे । सुराकी व्यक्ति र प्रहरीले मास्कमा कालोबजारी गर्ने व्यक्तिको गर्‍यो । प्रहरीले रामेछाप घर भएका शिव खड्काको नम्बर पत्ता लगायो । खड्का बाँकी पृष्ठ २ मा

# जापानबाट आयो ६० कामदारको माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ चैत



जापानले पहिलोपटक ६० नेपाली कामदारको माग गरेको छ । नेपाल र जापानबीच गत वर्ष भएको कामदार आपूर्ति समझदारी (एमओसी) अनुसार जापान सरकारले श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमार्फत ६० कामदार मागेको हो ।

समझदारी अनुसार जापानमा कामदार पठाउन श्रम मन्त्रालयले वैदेशिक रोजगार विभागका निर्देशक भोला गुरागाईंलाई सम्पर्क व्यक्ति तोकेर छुट्टै जापान इकाई खडा गरेको छ ।

समझदारीमा कामदार आपूर्तिका लागि सरकारीस्तरबाटै संयन्त्र खडा गरेर नेपालका निजी क्षेत्रलाई सहभागी गराइएको छैन ।

संयन्त्र खडा भए पनि रोजगारीका लागि जापान जाने कामदारको लागतलगायतका विषय भने अझै टुंगो लागिनसकेको मन्त्रालय स्रोतले मध्यान्हलाई बतायो ।

जापानले अहिले पठाएको मागलाई पूर्ति गर्न आवश्यक पर्ने छनौट प्रक्रियाबारे सरकारी अधिकारीहरूसँग परामर्श गरिरहेको पनि स्रोतले जानकारी दियो ।

गत वर्ष चैतमा जापानसँग सहकार्यको समझदारी भएपछि वैशाखको सुरुबाटै कामदार लैजाने प्रक्रियाका लागि तयारी सुरु हुने अपेक्षा थियो । तर कामदार लैजाने प्रक्रिया टुंगो नलाग्दा ढिलाइ भएको थियो ।

जापानले भाषा र सीपलाई उच्च महत्व दिएको छ । भाषा परीक्षा र सीप परीक्षणपछि कामदार छनोट प्रक्रिया सुरु गरिने बताइएको छ । जापनिज भाषाको जेएलपीटीको चौथोस्तर भनिने जापानी भाषा बोल्न र लेख्न सक्ने कामदार छनौटमा सहभागी हुन पाउने बताइएको छ । जापानले सुरुमा नर्सिङ केयर, निर्माण, होटल, कृषि, मत्स्यपालनक्षेत्रमा कामदार लैजाने बताएको छ ।

जापानले गत वर्ष विदेशी कामदार लैजाने घोषणा गर्दै पहिलो ५ वर्षमा ३ लाख ४५ हजार १ सय ५० कामदार लैजाने योजना सार्वजनिक गरेको थियो । त्यसमध्ये नेपालको भागमा प्रतिवर्ष झन्डै ४० हजार कामदार पर्ने अनुमान छ । जापानले पहिलो पाँच वर्षमा विदेशबाट ६० हजार नर्स लैजाने बताएको छ ।

जापानी रोजगारदाताहरूले भरपर्दो र विश्वासिलो संयन्त्र तयार भएमा नेपालबाट प्रतिवर्ष कम्तीमा १० हजार कामदारले रोजगारी पाउने बताएका छन् । दक्ष नेपाली कामदारले जापानमा मासिक १ लाख ८० हजारदेखि २ लाख ५० हजारसम्म कमाउने सम्भावना छ ।

**वैदेशिक रोजगार विशेष**

## कोरोना देखाउँदै काम बन्द

**काठमाडौं/मस–** कोरोना भाइरस (कोभिड-१९) को नाममा विदेशस्थित नेपाली दूतावासहरूले मागपत्र प्रमाणीकरण बन्द गर्नु अर्को अपरिपक्व निर्णय भएको निष्कर्ष वैदेशिक रोजगार व्यवसायीहरूले निकालेका छन् ।

नेपालीको मुख्य रोजगार गन्तव्य मुलुकहरूले आवागमनमा प्रतिबन्ध नलगाउँदै नेपाल सरकारले गत शुक्रबारदेखि श्रमस्वीकृतिमा रोक लगाएको थियो । लगत्तै यूएई र ओमानस्थित नेपाली दूतावासले नेपाली कामदारका लागि आएको मागपत्र प्रमाणीकरण कार्य बन्द गरिदिएकका छन् ।

ओमनस्थित नेपाली दूतावासले आइतवार सूचना जारी गर्दै अर्को व्यवस्था नभएसम्मका लागि मागपत्र प्रमाणीकरण कार्य स्थगित गरेको हो । युएईस्थित नेपाली दूतावासले चैत ४ गते अर्थात् भोलि मंगलबारदेखि मागपत्र प्रमाणीकरण स्थगित गरिने जनाएको छ ।

त्यस्तै, साउदी अरेबियास्थित नेपाली दूतावासले कोरोनाभाइरसको कारण देखाउँदै दुई हप्ताका लागि अन्तर्राष्ट्रिय उडान रोक्ने निर्णय गरेको छ । घरेलु कामदारका लागि जारी गरिने पुनः श्रमस्वीकृति बाँकी पृष्ठ २ मा

**तु-आवश्यकता**

यस प्रतिष्ठित मेनपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएकोले दक्ष व्यक्तिहरूले आफ्नो योग्यताको प्रमाणपत्र र बायोडाटाका साथ सम्पर्क गर्नुहोला ।

Receiption : 2 Female
secretary : 1 Female
HR manager : 1 M/F
PRO : 3 M/F

तलब आपसी समझदारीमा

योग्यता: +2 Pass भई अंग्रेजी राम्रोसँग जानेको हुनुपर्नेछ । कम्प्युटरमा Photoshop, Scan, PowerPoint, Word, Excel सम्बन्धी राम्रो ज्ञान हुनुपर्नेछ ।

**Prestige H.R. Solution (P.) Ltd.**
Sinamangal-9 (Near Airport), Sambhumarg, Kathmandu
Tel.: 01-4486804, 9840601345, prestige.hr2013@gmail.com




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# अवस्था हेरेर एसईईबारे निर्णय लिन्छौं : मन्त्री ढकाल

**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकालले एसईई परीक्षा सञ्चालन कहिलेबाट गर्ने भन्ने विषय केही दिनमा नै टुंगो लगाउने बताएका छन् । सरकारले कक्षा १ देखि ९ सम्मको परीक्षा ५ चैतमा सक्ने निर्णय गरे पनि एसईईबारे कोरोना महामारीको अवस्था कुन स्तरसम्म पुग्छ १, २ दिन हेरेरमात्र उपयुक्त निर्णय लिइने उनले बताए ।



आइतबार राष्ट्रियसभा बैठकमा बोल्दै उनले एसईईका बारेमा सरकार कुनै निष्कर्षमा पुगिनसकेको जानकारी गराए । राष्ट्रियसभामा बोल्ने सांसदहरुले कोरोनाको त्रासका बीचमा एसईई सञ्चालन गर्न नहुने भएकाले सरकारले के गरिरहेको छ भनि प्रश्न सोधेका थिए ।

‘अहिलेसम्म नेपालमा यो संक्रमण भित्रिएको छैन,’ उनले भने, ‘१ देखि ९ कक्षाको परीक्षा सकिएपछि स्कूलहरू बिदा हुन्छन् । यस्तै एसईई परीक्षा सञ्चालन कहिलेबाट गर्ने १, २ दिनमा नै निर्णय गर्ने छौं ।’

त्यस्तै मन्त्री ढकालले नेपालमा हालसम्म कसैलाई पनि कोरोना भाइरसको संक्रमण नदेखिएको बताएका छन् । उनले हालसम्म नेपालमा कोरोना भाइरस संक्रमित नभेटिएको बताए ।

मन्त्री ढकालले हालसम्म ४ सय ६४ जनामा कोरोना संक्रमणको आशंकामा स्वासथय परिक्षण गरिएपनि सबैको रिपोर्ट नेगेटिभ आएको उनले जानकारी दिए । देशमा साना ठुला १२९ नाकामध्ये ४३ विन्दुमा जाँच गरेर भारत हुँदै नेपाल आउने व्यवस्थापना कार्य अघि बढिरहेको बताए । त्यस्तै सिमा जोडिएका स्थानीय तहलाई पनि २१ बुँदे निर्देशन पठाइएर आवश्यक सावधानीको व्यवस्था गरिएको मन्त्री ढकालले जानकारी गराए ।

उनले सरकारले नेपालमा कोरोना भाइरसलाई नेपाल पस्नै नदिन सावधानीअपनाइएको बताए । ‘नेपालभित्र प्रवेश गर्न नदिने लक्ष्यका साथ सावधानी अपनाइरहेका छौं । हाल मिलाउने, गला मिलाउने भन्दा निश्चित दूरीबाट नमस्कार गर्ने, हात धुने, भीडमा नजानेजस्ता अन्य विषयमा हामीले ध्यान दिलाएका छौं,’ उनले भने ।

प्रमुख जिल्ला अधिकारी र स्वास्थ्यकर्मीलाई पनि जिल्ला नछाड्न भनिसकिएको उनले बताए । त्यस्तै, उनले ५६ लाख विद्यार्थी अध्ययनरत रहेको, १ देखि ९ सम्मका ५० लाख विद्यार्थीको परिक्षा आगामी चैत ५ भित्र सक्ने योजना रहेको बताए ।

सगरमाथा संवाद स्थगित गरिएको, अन्तर्राष्ट्रिय कार्यक्रममा भाग नलिने, भोजभतेर र भिडभाड हुने कार्यक्रममा नगएर सहयोग गर्न जनतालाई आव्हान गरिसकेको उनले बताए । उनले हाल काठमाडौंमा १ सय ७० वटा आइसियु सञ्चालनमा रहेको र काठमाडौंमा १ सय २ण् र कबाहिर १ सय १५ गरी २ सय ३५ वटा आइसियु थप्ने काम अघि बढेको उनले जानकारी दिए ।

# ‘कोरोना संक्रमण रोक्न सरकार योजनाबद्ध रुपमा अघि बढ्छ’

**काठमाडौं/मस–** उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलले विश्वमा महामारीका रुपमा फैलिएको कोरोना भाइरसको नियन्त्रण गर्न सरकार विभिन्न तवरले योजनाबद्ध रुपमा अघि बढिरहेको बताएका छन् । पोखराका पर्यटन व्यवसायीको टोलीले सङ्घीय सरकारसँग रहेका समस्या समाधानका लागि बुझाएको ज्ञापनपत्र आइतबार बुझ्दै मन्त्री पोखरेलले कोरोनाको वास्तविकता र भाबी सरकारको योजनाका बारेमा जानकारी दिए ।



उनले सरकारले देशव्यापी छलफल तथा सहकार्य अघि बढाएको स्पष्ट पारे । उपप्रधानमन्त्री पोखरेलले छलफलबाट आएको निष्कर्षकै आधारमा सरकारले जनमुखी तथा व्यवसायीमुखी योजना बनाई अघि बढ्ने प्रतिबद्धता जनाए । समस्याबाट नआतीकन सहकार्य र समाधानको बाटोबाट अघि बढ्नुपर्नेमा जोड दिँदै उनले कोरोनाकै कारण भ्रमण वर्ष २०२० सरकारले रोकेको र आगामी दिनमा भ्रमण वर्षको नयाँ योजना बनाई अघि बढ्ने बताए । जनता तथा व्यवसायीको समस्या समाधान गर्न सरकार तयार रहेको बताउँदै उनले सरकारलाई सबैको साथ र सहयोग अपरिहार्य रहेको औँल्याए ।

ज्ञापनपत्र बुझ्दै अर्थमन्त्री डा युवराज खतिवडाले वर्तमान सरकार कोरोनाबाट प्रभावित पर्यटन व्यवसायको समस्या समाधान गर्न योजनाबद्ध रुपमा अघि बढिरहेको बताए । पर्यटन व्यवसायलाई मर्न नदिने प्रतिबद्धता जनाउँदै मन्त्री खतिवडाले मुलुकको आर्थिक समृद्धिको आधार नै पर्यटन भएको बताए । पोखरा भ्रमण वर्ष २०२० का लागि मात्र नभई जहिले पनि विश्वभरबाट नेपाल आउने पर्यटकको गन्तव्यको रुपमा रहेको बताउँदै उनले व्यवसायीलाई परेको समस्याको समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताए ।

कोरोना भाइरस चाँडै नियन्त्रणमा आउने विश्वास व्यक्त गर्दै उनले नियन्त्रण नभएको अवस्थामा प्राथमिकताको आधारमा योजना अघि बढाउनेसमेत जानकारी गराए । कोरोनाले नेपालमा कति समय प्रभाव पार्छ ? भन्ने विषयमा कोही कसैले केही बताउन नसक्ने उल्लेख गर्दै उनले सरकारले १५ दिन, एक महिना, तीन महिना तथा त्योभन्दा बढी कति प्रभाव पार्छ ? त्यसलाई दृष्टिगतगरी गर्दै व्यवसायमुखी योजनाहरु ल्याउने तयारीमा सरकार रहेको जानकारी गराए ।

व्यवसायीले राखेको मागका सवालमा सकारात्मक रहेको उल्लेख गर्दै उनले सरकारलाई समेत सबैको साथ, सहयोग आवश्यक रहेको बताए । उनले मुलुकको आर्थिक, सामाजिक, पर्यटनलगायतका क्षेत्रहरुको विकास र समृद्धिका लागि प्रतिपक्षसँगको समेत सहकार्य गरी अघि बढिरहेको स्पष्ट पारे । उनले सरकारी, निजी सङ्घसंस्था, सरोकारवाला निकाय तथा मिडियाकर्मी सहकार्यमा सरकार जनताको समस्या तथा विकासप्रतिको चाहना पूरा गर्न तीव्र गतिमा अघि बढिरहेको बताए ।

# नेकपाको अभियान : सदस्यता नवीकरण गर्न ३८ केन्द्र निर्धारण

**नवलपरासी/रासस–** नेपाल कम्युनिष्ट पार्टी (नेकपा) पश्चिम नवलपरासीले सदस्यता नवीकरणका लागि केन्द्र (बुथ) नै स्थापना गरी अभियान चलाएको छ । पार्टीको केन्द्र र प्रदेशको निर्देशन तथा जिल्ला कमिटीको तेस्रो पूर्ण बैठकको निर्णयअनुसार शनिबारदेखि पार्टी एकता सुदृढीकरण तथा जनसम्बन्ध विस्तार अभियान शुरु गरेको नेकपा पश्चिम नवलपरासीले जनाएको छ ।

अभियानअन्तर्गत चैत महिनाभरि सदस्यता नवीकरण गरिने जिल्ला अध्यक्ष भविश्वर तिवारी आजादले जानकारी दिए । सदस्यता नवीकरणका लागि जिल्लाका सातवटै स्थानीय तहमा गरी कूल ३८ केन्द्र निर्धारण गरिएको छ । उनका अनुसार सुनवल नगरपालिकामा ११, बर्दघाट नगरपालिकामा ११, रामग्राम नगरपालिकामा सात, प्रतापपुर गाउँपालिकामा तीन, सरावल, पाल्हीनन्दन र सुस्ता गाउँपालिकामा दुई/दुई केन्द्र निर्धारण गरिएको छ । प्रत्येक केन्द्रमा जिल्ला सचिवालय सदस्यको संयोजकत्वमा कार्यदल बनाइएको छ ।

सोही कार्यदलमार्फत जिल्लामा पार्टी सदस्यता नवीकरण तथा नयाँ सदस्यता वितरण अभियान शुरु गरिएको अध्यक्ष तिवारीले बताए । हाल महामारीका रुपमा देखिएको कोरोनाको जोखिमका कारण ठूला सभा, सम्मेलनभन्दा सदस्यता अद्यावधिक र कोरोना सचेतना कार्यक्रम लिएर कार्यकर्तामाझ जान थालिएको उनले बताए ।

यही चैत १ गतेदेखि शुरु भएको अभियान तीन महिनासम्म सञ्चालन हुनेछ । पार्टीले नेता, कार्यकर्ता र सङ्गठित सदस्यको योजनाबद्ध परिचालन गर्न विशेष अभियान चलाएको जिल्ला सचिव तुलसी पासीले जानकारी दिए । कोरोना भाइरसका सम्भावित जोखिमका कारण सरकारले सभा, सम्मेलन तथा सार्वजनिक कार्यक्रम नगर्न आग्रह गरेकाले अभियानको स्वरुप परिवर्तन गरिएको बताउँदै उनले भने, ‘पार्टी एकता, सुदृढीकरण र समृद्धिका लागि राष्ट्रिय अभियानअन्तर्गत समस्त पार्टी पङ्क्तिको एकीकृत परिचालनका लागि पार्टीको केन्द्रीय निर्देशनअनुसार यो अभियान शुरु गरिएको हो ।’

अभियानको मूल नारा ‘समृद्ध नेपाल सुखी नेपाली’को आधार सुदृढ पार्टी, सुशासन र लोकप्रिय सरकार तय गरिएको छ । अभियानअन्तर्गत पार्टीको सुदृढीकरण, जनसम्बन्ध विस्तारसँगै जनता र पार्टी कार्यकर्तालाई कोरोना भाइरसबाट बच्ने उपायबारे सचेतना पनि सँगसँगै थालिएको प्रदेश कमिटी सदस्य बृहस्पति अधिकारीले बताए । जिल्ला सचिव पासीका अनुसार चैतभरि पार्टी सदस्यता अद्यावधिक अभियान सञ्चालन हुनेछ । साबिक एमाले र माओवादी केन्द्रका गरी जिल्लामा करीब बाह्र हजार सङ्गठित सदस्य रहेको अनुमान छ ।

नेकपाले २०७७ साल वैशाख र जेठ मसान्तसम्ममा घरदैलो, पदयात्रा, टोल भेला र टोलसभा गर्नेछ । जेठ महिनाको तेस्रो सातामा स्थानीय तहस्तरमा ऱ्यालीसहित जनसभा गर्ने तथा अन्तिम सातामा जिल्लास्तरको ऱ्यालीसहितको जनसभा गर्ने सचिव पासीले बताउनुभयो । अभियानका क्रममा पार्टी, पार्टी एकता, पार्टी नेतृत्व र नेकपाको सरकारलाई कमजोर बनाउन भएका सबै प्रकारका गतिविधि र षड्यन्त्रको प्रतिवाद गर्ने नेकपाले योजना बनाएको छ । अभियानका विषयमा सूचना अभिलेख र प्रवाह गर्न जिल्ला कार्यालय सदस्य अगवीर विक अडिगको संयोजकत्वमा जिल्ला सूचना डेस्क पनि स्थापना गरिएको छ ।

# सातै प्रदेशका प्रमुखले भेटे प्रचण्ड

**काठमाडौं/मस-** सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’सँग सातै प्रदेशका प्रदेश प्रमुखहरुले भेट गरेका छन् । प्रचण्डको निजी सचिवालयका अनुसार भेटका अवसरमा प्रदेश प्रमुख कार्यालयमा भएका समस्यालगायत विविध विषयहरुमा कुराकानी भएको थियो ।

भेटमा प्रचण्डले प्रदेश प्रमुख कार्यालयमा भएका समस्याहरुबारे पार्टी र सरकारमा छलफल गरेर समस्याको हल गर्न प्रयत्न गर्ने बताएका थिए । प्रदेश प्रमुखलाई संघीय सरकारका प्रतिनिधिका रुपमा प्रदेशमा पठाइन्छ ।

# कास्कीमा पाँच रेक्टरस्केलको भूकम्प

कास्की/मस- कास्कीको लुम्ले केन्द्रविन्दु भएर आइतबार साँझ भूकम्प गएको छ । राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका अनुसार कास्कीको लुम्ले केन्द्रविन्द्र भएर ५ रेक्टरस्केलको भूकम्प गएको हो । केन्द्रका भूकम्पविद् मुकुन्द भट्टराईले आइतबार साँझ ८ बजेर ४५ मिनेटमा भूकम्प गएको जानकारी दिए । उक्त भूकम्प गोरखा भूकम्पको पराकम्प हो या नयाँ भूकम्प हो भन्ने बारेमा अनुसन्धान भइरहेको भट्टराईले बताए । भूकम्पको धक्का कास्की, गोरखा, तनहुँ र लमजुङमा महसुस गरिएको थियो । गोरखा भूकम्पपछि नेपालमा ४ रेक्टरस्केलभन्दा माथिका ५३८ भूकम्प गइसकेका छन् ।

# घोडेजात्रामा विशिष्ट व्यक्ति र पाहुना नहुने

**काठमाडौं/मस–** विश्वमा फैलिरहेको कोभिड-१९ का कारण नेपाली सेनाले यस वर्षको घोडेजात्रा सीमित व्यक्तिको उपस्थितिमा गर्ने भएको छ । सेनाले प्रत्येक वर्ष टुँडिखेलस्थित सैनिक मञ्चमा विविध अश्वकलाले भरिपूर्ण रोचक कार्यक्रमसहित ‘घोडेजात्रा समारोह’ आयोजना गर्दै आएको थियो । यस वर्षको घोडेजात्रा यही चैत ११ गते परेको छ ।

उक्त जात्रालाई केवल परम्परालाई कायम राख्ने उद्देश्यले मात्र आयोजना गर्न लागिएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । विभिन्न राष्ट्रमा कोभिड १९ फैलिएका कारण सरकारले सभा, सम्मेलन, भेला र कार्यक्रम नगर्ने यसअघि नै निर्णय गरिसकेको छ ।

सरकारको उक्त निर्णयअनुरुप यस वर्षको घोडेजात्रा समारोहमा विशिष्ट व्यक्ति र पाहुनालाई सहभागी नगराउने निर्णय गरिएको निर्देशनालयले जनाएको छ । उक्त समारोहको विभिन्न टेलिभिजनमार्फत प्रत्यक्ष प्रसारण गरिने जानकारी दिइएको छ ।

# लागूऔषधसहित तीन जना पक्राउ

**कपिलवस्तु/मस–** कपिलवस्तु प्रहरीले लागूऔषध चरेस सहित तीन जनालाई शिवराज नगरपालिकावाट पक्राउ गरेको छ । पक्राउ पर्नेमा दाङ हसिपुरका रमतुल मिया, राप्तीका जितमान मिया र रोल्पा छाहारीका जपी बुढा रहेका छन् ।

उनीहरुको साथबाट १८ किलो ५ सय ग्राम चरस बरामद भएको छ । पक्राउ परेका ३ जना उपर थप अनुसन्धान गरी कानुनी कारवाही अघि बढाइएको प्रहरीले जनाएको छ ।

# हत्या अभियोगमा जन्मकैद

**भोजपुर/मस-** जिल्ला अदालत भोजपुरले हत्या गरेको अभियोगमा दुईजनालाई जन्मकैदको फैसला सुनाएको छ । अदालतले टेम्केमैयुङ गाउँपालिका-२ छिनामखु खैलाका २१ वर्षीय रमेश कार्की र २३ वर्षीय भीमबहादुर कार्कीलाई जन्मकैदको फैसला गरेको हो ।

अभियुक्तद्वयले गत साउन ८ गते खोटाङको केपिलासगढी गाउँपालिका-१ फेदी घर भएकी ४८ वर्षीया भइमाया राई (गुरुङ) को कुटपिट गरी हत्या गरेको अदालतले जनाएको छ । उनीहरुलाई जिल्ला न्यायाधीश गेहेन्द्रराज पन्तको इजालसले मुलुकी अपराधसंहिता २०७४ को दफा १७७ को उपदफा १ विपरीतको कसुर गरेबापत सोही ऐनको १७७ (२) बमोजिम जन्मकैद र जाहेरवाला डम्बर गुरुङलाई प्रतिवादीबाट जनही रु ५० हजार क्षतिपूर्ति भराउने समेत फैसला भएको अदालतले जनाएको छ ।

उनीहरुले सामान्य विवादपछि उल्टो पट्टिबाट खुकुरी प्रहार गरी घाँटी थिचेर हत्या गरेको स्वीकार गरेको प्रहरीले जनाएको छ । उनीहरुलाई प्रहरीले हत्या गरेको आठ दिनपछि गत साउन १६ गते पक्राउ गरेको थियो ।

# सप्तरीमा एक वृद्धको हत्या प्रयास

**सप्तरी/मस-** राजविराज नगरपालिका-८ मा एक्लै बस्दै आएका ६७ वर्षीय सत्यनारायण साहको हत्या प्रयास भएको छ । हत्या प्रयासको आरोपमा आइतबार एक युवक पक्राउ परेका छन् । धारिलो हतियारले घाँटी काटेर हत्याको प्रयास गरेको आरोपमा प्रहरीले सोही ठाउँ बस्ने २० वर्षीय मुकेश मण्डललाई पक्राउ गरेको जनाएको छ ।

पक्राउ परेका आरोपितलाई घाइतेले पहिचान गरेपछि कारवाही प्रक्रिया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालयको मुद्दा शाखाका प्रहरी नायब निरीक्षक नवराज कार्कीले बताए । पीडितको घाँटीमा गम्भीर घाउ भएको र ६० टाँका लगाउनुपरेको अस्पतालले जनाएको छ ।

राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा शुक्रबारदेखि घाइतेको उपचार शुरु भएको छ । घरमा सुतिरहेका बेला बिहीबार मध्यराति आरोपितले दराज खोलेर सामान खोतलिरहेका बेला ब्युँझेर रोक्न खोज्दा आरोपितले आक्रमण गरेको घाइते साहले बताए । घरभित्र प्रवेश गरेका आरोपितले भुइँमा लडाइँ चक्कुले घाँटी काटेको पीडितले बताए ।

# बागलुङका २२ विद्यार्थी एसइईबाट वञ्चित

**बागलुङ/रासस–** यस वर्ष बागलुङका २२ विद्यार्थीले माध्यमिक शिक्षा परीक्षा (एसइई) दिन नपाउने भएका छन् । शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख कुशमराज उपाध्यायका अनुसार एसइई दिन नपाउनेमा विभिन्न विद्यालयका छात्रा १२ र छात्र १० रहेका छन् ।



सत्तरी प्रतिशत हाजिरी नपुगेका र विभिन्न कारणले विद्यालय आउन नसकेका विद्यार्थी परीक्षा दिनबाट वञ्चित भएका उनले जानकारी दिए । ‘पढ्दापढ्दै बीचैमा विद्यालय छाडेका, हाजिर नपुगेका २२ विद्यार्थी यो वर्ष एसइई दिनबाट वञ्चित भएका हुन्,’ उपाध्यायले भने, ‘परीक्षा फर्म भरेर विवाह गरेर जाने तथा रोजगारी र घरायसी कारणले विद्यालय नआउने समस्याका कारण परीक्षा दिन नपाउने भएका हुन् ।’

बागलुङबाट यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई)मा नियमित र ग्रेड वृद्धि गरी जम्मा पाँच हजार १७८ विद्यार्थी सहभागी हुने भएका छन् । यही चैत ६ गतेदेखि सञ्चालन हुन लागेको माध्यमिक शिक्षा परीक्षा (एसइई)मा जिल्लाका १०५ संस्थागत, ३२ निजी र एक खुला विद्यामन्दिर मावि गरी १३८ विद्यालका विद्यार्थी सहभागी हुने शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख उपाध्यायले जानकारी दिए । उनले परीक्षमामा छात्रा दुई हजार ६९२ र छात्र दुई हजार ४८६ परीक्षामा सहभागी हुने बताए ।

## कोरोना...

जाँच गरिएकोमा कसैमा पनि कोरोना देखिएको छैन ।

सरकार कोरोना प्रकोप हुन रोक्नका लागि विभिन्न तहमा काममा लागेको ओलीले जानकारी कन्फ्रेन्समा दिए । केन्द्र, प्रदेश र स्थानीय तहमा समिति गठन गरेर कोरोनाको संक्रमण हुन पहिल्यै सचेतताका काम भइरहेका उनले बताए । कोरोनाको सम्भावित संक्रमणलाई ध्यानमा राखेर अस्पतालहरुमा आइसोलेसन सेन्टर स्थापना गरिनुका साथै क्षमतावृद्धि गरिएको प्रधानमन्त्री ओलीले बताए । त्यस्तै आत्मरक्षाका लागि सेल्फ क्वारेन्टाइनमा रहन आग्रह गरिएको पनि उनले बताए । प्रधानमन्त्री ओलीले नेपालले नेपाल भ्रमण वर्ष २०२० तथा तेस्रो मुलुकका गतिविधि र अन्तर्राष्ट्रिय सम्मेलनहरुको आयोजना स्थगन गरिएको बताए । उनले अन्य मुलुकबाट अनअराइभल प्रवेशाज्ञा रोकिएको, संघीयस्तरमा उच्चस्तरीय रोकथाक तथा नियन्त्रण समन्वय समिति गठन गरिएको र उक्त समिति स्थानीय तहसम्म गठन गरिएको पनि उल्लेख गरेका थिए ।

यसैबीच, कोरोना भाइरस नियन्त्रणका लागि जम्मु कश्मीरमा लगाइएको प्रतिबन्ध हटाउन पाकिस्तानले भारतलाई आग्रह गरेको छ । आइतबार कोभिड-१९ विरुद्धको लडाइँमा आगामी रणनीति तयार गर्न सार्क मुलुकका सरकार प्रमुखहरुको भिडियो कन्फरेन्समा पाकिस्तानको प्रतिनिधित्व गर्दै पाकिस्तानका स्वास्थ्य मन्त्री जाफर मिर्जाले प्रतिबन्ध हटाउन आग्रह गरेका हुन् । चिकित्सक समेत रहेका स्वास्थ्यमन्त्री मिर्जाले कोरोना विरुद्धको लडाइँमा जम्मु कश्मीरमा लगाइएको प्रतिबन्ध हटाउनुपर्ने बताएका हुन् । यस्तै, उनले कोरोनाको विषयमा पाकिस्तान सार्कका अन्य मुलुक जसरी नै गम्भीर भएर लागि परेको बताए । सार्कका सबै मुलुकहरुमा कोरोना देखिएकाले कोरोना विरुद्धको लडाइँमा सबै एकजुट हुनुपर्ने मिर्जाले बताए ।

## कालो ...

मास्कमा कालोबजारी गर्ने मुख्य व्यक्ति हुन् । ग्राहक बनेर प्रहरीले खड्कालाई सम्पर्क गरेको थियो । प्रहरीले ५० हजार मास्क चाहिएको कुरा खड्कालाई बताए । डीएसपी रेग्मीका अनुसार ‘चीन पठाउनु छ’ भन्दै खड्कासँग प्रहरीले मास्क मगाएको थियो । खड्काले प्रतिगोटा ३५ रुपैयाँ पर्ने बताएका थिए । प्रहरीले महङ्गो भयो भन्दै खड्कासँग बार्गेनिङ गरे । प्रहरी र खड्काको ३१ रुपैयाँमा कुरा मिल्यो । खड्काले पहिला पैसा लिने अनि मात्र मास्क दिने कुरा गरेका थिए । ग्राहक बनेर कुरा गरिरहेका प्रहरीले सुरुमा पैसा दिन हामी तयार छौं भन्दै खड्कालाई आश्वस्त पारे । खड्का सहमत भएपछि चैत २ गते १०:३० बजेतिर पैसा लिएर प्रहरी डल्लु पुगेको थियो । खड्कासहित ७ जना व्यक्ति पनि डल्लु पुगेपछि भ्यानमा मस्क हेर्न जान्छन् । त्यही मौकामा ग्राहक बनेका प्रहरीले सादा पोसाकमा परिचालन गरिएको प्रहरीलाई बोलाए पछि उनीहरु पक्राउ पर्छन् ।

## कोरोना...

सिफारिस स्थगित गर्ने अर्को निर्णय पनि दूतावासले गरेको छ । रियाद र दमामस्थित जनसम्पर्क अधिकृतहरूबाट हुँदै आएको अकमा, अकमा नवीकरण, हुरुवजस्ता कागजी सिफारिस दिने कार्य स्थगित गरेको छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले कोरोनाभाइरसको त्रास देखाएर मागपत्र प्रमाणीकरण रोक्नु उचित नभएको जनाएको छ । संघका महासचिव सुजित श्रेष्ठले सबै मुलुकको श्रमस्वीकृति रोकिएको विषय अनावश्यक भएको भन्दै त्यस विषयमा आफूहरुले सरकारको उच्चस्तरमा छलफल गर्न चाहिररहेको बताए । गन्तव्य मुलुकहरूले कामदार नरोकेसम्म नेपालले प्रमाणीकरण रोक्दा विदेशमा नेपाल कोरोनाभाइरसबाट उच्च जोखिमयुक्त मुलुक हो भन्ने सन्देश जाने भन्दै महासचिव श्रेष्ठले नेपालले एकलौटी निर्णय गरेर सबै मुलुकको श्रमस्वीकृति रोकेको घटनाले गन्तव्य मुलुकका रोजगारदाताबाट सकारात्मक प्रतिक्रिया नआएको गुनासो गरे ।

# सहकारीको रकम उत्पादनमा लगाउनुहोस् : मन्त्री अर्याल

**चितवन/मस–** भूमि व्यवस्था तथा गरिबी निवारणमन्त्री पद्माकुमारी अर्यालले देशभरका सहकारी उत्पादनशील क्षेत्रमा लाग्नुपर्ने बताएकी छन् । चितवनको खैरहनीमा लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडद्वारा सञ्चालित गाई फार्मको अवलोकनका क्रममा मन्त्री अर्यालले सहकारी उत्पादनमा लाग्नुपर्ने बताइन् । ‘सहकारीले यहाँ सञ्चालन गरेको गाई फार्म उदाहरणीय छ,’ उनले भनिन्, ‘यो सहकारी उद्देश्य पूरा गर्नेतर्फ अग्रसर भएको देखिन्छ ।’ गाई पालेर दुग्ध उत्पादनमात्र नभई डेरी उद्योगको स्थापना गरेर अन्य प्रोडक्ट बजारमा ल्याउनुपर्ने उनले बताइन् । सहकारीले पैसा थुपार्ने कार्यमा मात्रै नलागी उत्पादनमूलक कार्यमा पनि लाग्नुपर्नेमा उनको जोड थियो । लगानी र उत्पादनबाटै देशको समृद्धि हुने चर्चा गर्दै सहकारी अब देशको समृद्धिको सहयात्री हुनुपर्ने उनले धारणा राखिन् ।

मन्त्री अर्यालले भनिन्, ‘देश विकासको चरणमा छ, देशलाई समृद्ध बनाउने सन्दर्भमा सबै एक भएर जानुपर्छ ।’ अब सहकारीले पनि लगानी र उत्पादनको दायरा बढाउनुपर्ने उनले बताइन् । सो सहकारीले साढे १९ बिघा जग्गामा गाई फार्म सञ्चालन गरिरहेको छ । फार्ममा ५०० गाई पालिएको छ ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७३/१०/२० मा दर्ता भएको **प्रा.लि. नं. १६३०११** को **आर्केज रोडा ढुङ्गा उद्योग प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।



**सामुह बाहिर काठ विक्रि सम्बन्धी सूचना**

यस सामुदायिक वनबाट उत्पादन भई विभिन्न समुहमा ग्रेडिङ गरी घाटगद्दीमा विभिन्न ग्रेडिङमा संकलन गरिएको लट न ३, ४, ५, को साल जातको गोलिया थान २२७को २५७१.९२ क्यु फिट लट न ६ को अस्ना कर्मा चिलाउने थान ५३ गोलियाको ६८१.४५क्यु फिट लट न ७ को साल दाउरा ३ चट्टा लागि ०७६/०७७ लागि बाहिर बिक्रि बितरण गर्नु पर्ने भएकाले काठ जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वाकम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आहवान गरिन्छ । पूर्ण व्यहोराको सूचना समूहको सूचनापाटीमा टांस गरिएको छ ।

**बिश्वकन्चन सामुदायिक बन उपभोक्ता समुह**
**उदयपुरगढी ७उदयपुर**

## निजामति सेवासम्बन्धी विधेयक
# मन्त्रीले मागे समय, सांसदहरु आक्रोशित

**काठमाडौं/मस-** लामो समयदेखि राज्य व्यवस्था समितिमा छलफलको क्रममा रहेको संघीय निजामति सेवासम्बन्धी विधेयक पारित हुन अझै समय लाग्ने भएको छ । संघीय निजामति सेवा ऐनको विधेयक अन्तिम चरणमा पुगेपनि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री हृदयेश त्रिपाठीले राजनीतिक तहमा सहमति जुटाउन समय मागेपछि सांसद्हरु आक्रोशित बनेका छन् ।




उक्त विधेयक आइतबारको बैठकमा अन्तिम टुंगो लगाउने तयारी रहेपनि मन्त्री त्रिपाठीले समय मागेपछि सांसद्हरु आक्रोशित बनेका हुन् । राजनीतिक सहमति जुट्न बाँकी रहेको र गृहकार्यका लागि केही समय आवश्यक रहेको मन्त्री त्रिपाठीले बताएका थिए ।

मन्त्री त्रिपाठीले संशोधनको आवश्यकता सहित समय चाहिन्छ भनेपछि सांसद् जनार्दन शर्माले २ दिन समय लिएर तेस्रो दिन टुंगो लगाउने कुरा मान्न सकिने भएपनि टार्ने कुरा मान्य नहुने बताए । विभिन्न बहानामा सरकारले सार्न र टार्न खोजेको भए विधेयक नै फिर्ता लैजान उनले चेतावनी दिए । अहिलेसम्म भएका सहमतिहरुबाट समितिका कुनै सदस्यहरु पछि नहट्ने उल्लेख गरे । उनले भने, 'दुई दिन समय लिएर तेस्रो दिन टुंगो लगाउने विषय अन्यथा नभएपनि सार्ने र टार्ने कुरा मान्य हुँदैन । कि त सरकारले विधेयक फिर्ता लिनुपर्छ ।'

सांसद् पम्फा भुसालले पनि समितिबाट विधेयक छिटोभन्दा छिटो पास गर्नुपर्ने बताइन् । समितिबाट पास भएन भन्ने दोष आफुहरुले नलिने भन्दै उनले छिटो पास नगर्ने भए विधेयक फिर्ता लैजान चेतावनी दिइन् । 'यसलाई छिटोभन्दा छिटो पास गरौं । कि सरकारले फिर्ता लिनुपर्छ । राज्य व्यवस्था समितिले पास गरेन भन्ने दोष हामीले लिन्नौं', उनले भनिन् ।

नेपाली कांग्रेसका सांसद् दिलेन्द्र प्रसाद बडुले विधेयकलाई तत्काल अगाडि बढाउन आग्रह गरे । सबै विषयमा प्रतिपक्षी र सत्तापक्ष दल भनेर नहुने उल्लेख गर्दै उनले भोलि प्रतिपक्षी पनि सत्तामा जाने भएकाले आफुहरुलाई पनि कानून आवश्यक पर्ने उनले बताए । सांसद् बडुले के कारणले समय चाहियो ? कति समय चाहिन्छ भन्ने कुरा स्पष्ट हुनुपर्ने बताए ।

प्रदेशको मुख्य सचिव र स्थानीय प्रमुख प्रशासकीय अधिकृत केन्द्रले खटाउने कि प्रदेशले खटाउने भन्ने विषयमा विवाद थियो । बैठकमा मन्त्री त्रिपाठीले विधेयकले पूर्णता नपाएका कारण समायोजनमा गएका कर्मचारीहरुले समेत असुरक्षित महसुस गरेको र स्थानीय तहका लागि लिइएको परीक्षामा पास भएका शाखा अधिकृतहरुले समेत नियुक्ति लिन नमानेकोले केही विषयमा गृहकार्ग गर्न अझै समय चाहिने बताएका थिए । कर्मचारीको मनोबल गिराएर सरकारले राम्रो काम गर्न नसक्ने उनको भनाइ थियो ।

समिति सभापति शशी श्रेष्ठले धेरै समय दिन सकिने अवस्था नरहेका उल्लेख गर्दै ७ गतेको संसदमा विधेयक लैजाने गरी टुंगो लगाउनुपर्ने बताइन् । समितिले मन्त्रीमाथि दोष थुपारेर जिम्मेवार छैन भन्ने खोजेको नभई यसले पारेको असर के छ भन्ने कुरा महत्वपूर्ण भएको बताइन् ।

समितिको बैठक चैत ५ गते सम्मका लागि स्थगित भएको छ । समितिले प्रदेश मन्त्रालयको सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत सम्बन्धित तहको हुने गरी प्रस्ताव तयार गरेको छ ।

# सेनाले अटोमोबाइल र मेकानिकल इन्जिनीयरिङ सञ्चालन गर्दै

**भक्तपुर/मस-** नेपाली सेनाले मुलुकमा निर्माण हुने ठूला आयोजना र संगठनलाई आवश्यक पर्ने प्राविधिक जनशक्ति उत्पादन गर्ने लक्ष्य लिएर डिप्लोमा इन अटोमोबाइल र डिप्लोमा इन मेकानिकल इन्जिनीयरिङ शैक्षिक कार्यक्रम सञ्चालन गर्न लागेको छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) र सेनाबीच उक्त शैक्षिक कार्यक्रम सञ्चालन गर्नेसम्बन्धी सहमतिपत्रमा आइतबार भक्तपुरमा हस्ताक्षर भएको छ। सहमतिपत्रमा परिषद्का सदस्य सचिव डा पुष्परमण वाग्ले र नेपाली सेना, विद्युत् तथा यान्त्रिक सेवा निर्देशनालयका निर्देशक सहायकरथी भोलानाथ बुढाथोकीले हस्ताक्षर गरे ।



तीनवर्षे अवधिको उक्त कार्यक्रम आगामी आर्थिक वर्ष २०७७/७८ देखि शुरु हुनेछ। उक्त दुवै शैक्षिक कार्यक्रममा ४८/४८ विद्यार्थीले भर्ना पाउनेछन् । माध्यमिक शिक्षा परीक्षा(एसइइ) उत्तीर्ण भई सिटिइभिटीले लिएको छनोट परीक्षामा उत्तीर्ण हुने विद्यार्थीलाई प्राप्त गरेको अंकका आधारमा भर्ना गरिने जानकारी दिइएको छ ।

दुवै शैक्षिक कार्यक्रम सञ्चालनका लागि वार्षिक रु दुई करोड ५० लाख खर्च अनुमान गरिए पनि व्यवस्थापन र खर्चलगायत यावत् विषय कार्यविधिले तय गर्ने सहायकरथी बुढाथोकीले जानकारी दिए। मुलुक र सेनाको संगठनलाई आवश्यक प्राविधिक जनशक्ति उत्पादन गरी राष्ट्रले लिएको विकासको लक्ष्य समयमै पूरा गर्ने उद्देश्यले शैक्षिक कार्यक्रम अघि बढाइएको छ ।

उक्त शैक्षिक कार्यक्रमबाट उत्पादन हुने जनशक्तिले द्रुतमार्गलगायत राष्ट्रिय गौरवका आयोजना, रेलमार्ग, विद्युत् प्रसारण लाइन, विमानस्थल निर्माण, जलविद्युत् परियोजना र अरु विकासका ठूला आयोजनामा तत्कालै रोजगारी पाउनेछन् । सहायकरथी बुढाथोकीले भने, 'उक्त शैक्षिक कार्यक्रमबाट उत्पादन हुने मध्यमस्तरको प्राविधिक जनशक्तिबाट सेना र राष्ट्रकै प्राविधिक जनशक्तिको आवश्यकता पूरा गर्न योगदान पुग्ने आशा गरिएको छ ।'

उक्त शैक्षिक कार्यक्रम नेपाली सेनाको खरिपाटीस्थित विद्युत् तथा यान्त्रिक शिक्षालय खरिपाटी भक्तपुरमा सञ्चालन हुनेछ । उक्त कार्यक्रमबाट नेपाली सेनाका बहालवाला, आश्रित परिवार र देशका विभिन्न क्षेत्रका प्रतिभाशाली सर्वसाधारणको प्राविधिक शिक्षामा पहुँच हुने विश्वास गरिएको छ । विकास पूर्वाधार निर्माणमा डिप्लोमा इन अटोमोबाइल र डिप्लोमा इन मेकानिकल इन्जिनीयरको माग अहिले अत्यधिक छ । परिषद्का सदस्य सचिव डा वाग्लेले भने, 'परिषद् र सेनाबीच प्राविधिक शैक्षिक कार्यक्रम सञ्चालन गर्न भएको सम्झौताबाट दक्ष प्राविधिक जनशक्ति उत्पादन गरी राष्ट्रले लिएको 'समृद्ध नेपाल, सुखी नेपाली'को आकाङ्क्षालाई मूर्तरुप दिन योगदान पुग्ने छ ।'

# नाष्टमा 'स्यानेटाइजर' बनाउने तालिम

**ललितपुर/मस-** ललितपुर महानगरपालिकाको आयोजना र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नाष्ट) को प्राविधिक सहयोगमा नाष्ट कार्यकक्षमा आइतबारदेखि छ दिने 'स्यानेटाइजर' बनाउने तालीम शुरु गरिएको छ । बजारमा कोभिड -१९ को सङ्क्रमण देखिएसँगै स्यानेटाइजरको अभाव हुँदै जाँदा उक्त तालीमको आयोजना गरिएको हो । एक दिनको तालीममा १० का दरले छ दिनसम्म गरी ६० जनालाई सिकाइने नाष्टले जानकारी दिएको छ ।



तालीममा घरेलु सामग्री (तीनपाने) रक्सीलगायत रसायन (केमिकल) प्रयोग गरेर बनाउन सिकाइँदै छ । नाष्टका वैज्ञानिकले ७० देखि ८० प्रतिशत रक्सीको मात्रा, दुई प्रतिशत गिसिरोल, शून्य दशमलव तीन प्रतिशत हाइड्रोजन पेरोअक्साइड र १८ प्रतिशत डिस्टिल वाटर प्रयोग गरेर स्यानेटाइजर निर्माण गरिसकेको र यसैअनुरुप सिकाइने नाष्टका वरिष्ठ वैज्ञानिक सजनलाल स्याउलाले जानकारी दिए ।

उनले भने, 'मानिसले इथानोल अल्कोहलको ठाउँमा मिथानोल अल्कोहल प्रयोग गरेभने यसले सिधै ज्यान लिन्छ, हामीले विश्व स्वास्थ्य संगठनको मान्यताअनुरुपको स्यानेटाइजर निर्माण गरी यसै अनुरुप सिकाउँदै छौं ।' पचहत्तरदेखि ८० प्रतिशत रक्सीको मात्रा प्रयोग गरेर निर्माण गरिएको स्यानेटाइजरले झन् बढी काम गर्ने र मानिसको हातमा रहेको भाइरसको प्रोटिङ मार्न छिट्टै सफल हुने स्याउलाले बताए ।

नाष्टका वैज्ञानिकले बनाएका स्यानेटाइजरबाट जीवाणु (ब्याक्टेरिया), सूक्ष्मजीवाणु (भाइरस) र ढुसी (फङ्गस) तीनैवटाबाट संक्रमण फैलिन रोक्ने नाष्टका प्रवक्ता सुरेशकुमार ढुङ्गेलले जानकारी दिए । वैज्ञानिकसँग स्यानेटाइजर निर्माण गर्न सिकेर घरघरमा गई सिकाउन वडा नं २४ का वडाध्यक्ष दिनेश कार्कीले आग्रह गरे । उनले भने, 'महानगरपालिकाभित्रका जनताले अब बजारमा स्यानेटाइजरको अभाव हुन दिने छैनन् भन्ने विश्वास लिएको छु ।' नाष्टले बनाएको स्यानेटाइजरबाट छदेखि आठ सेकेन्डमै सूक्ष्मजीवाणु मार्न सफल हुने बताइएको छ ।

नेपालमा कोभिड-१९ को महामारी नफैलियोस् भनी आफूहरुले पूर्वसावधानीका साथ कार्यक्रम सञ्चालन गरेको वडा नं १२ का वडाध्यक्ष नारायणलाल अवालेले बताए । उनले भने, 'स्थानीय रक्सीबाट स्यानेटाइजर निर्माण हुन्छ भन्दैमा जथाभावी रुपमा बनाउने कोसिस नगर्नुहोस्, यसले मानिसलाई झन् क्षति पुऱ्याउँछ ।' महानगरवासीले स्यानेटाइजर निर्माण गर्न सिकेसँगै उक्त औषधि साबुनपानीको विकल्पका रुपमा पनि प्रयोग गर्न सकिने भएको छ ।

# विषाक्त मदिरा सेवनबाट मृत्यु हुनेको संख्या १७ पुग्यो

**धनुषा/मस-** धनुषामा घरेलु विषाक्त मदिरा सेवनका कारण थप दुई जनाको मृत्यु भएको छ । यससँगै धनुषामा विषाक्त मदिरा सेवनबाट मृत्यु हुनेको संख्या १७ पुगेको छ। आइतबार जनकपुरधाम उपमहानगरपालिका-७ स्थित मुसहरी टोलका जीतेन्द्र सदाको मदिरा सेवनले मृत्यु भएको वडाध्यक्ष जानकीराम साहले बताए ।



त्यस्तै आइतबार नै लक्ष्मीनियाँ गाउँपालिकामा मदिरा सेवनले एक जनाको मृत्यु भएको छ । गाउँपालिका-५ का ३४ वर्षीय विश्वनाथ यादवको मृत्यु भएको हो । होलीका अवसरमा रक्सी खाएका बनारसी देवीको शुक्रबार साँझ र मिथिला सदा र झगरु सदाको शनिबार बिहान मृत्यु भएको थियो ।

क्षिरेश्वरनाथ नगरपालिका-२ रमदैयामा शुक्रबारसम्म १२ जनाको मृत्यु भइसकेको थियो । मृत्यु हुनेमा रामविलास मण्डल, शत्रुघन मण्डल, इन्द्रजीत महरा, ब्रह्मदेव यादव, गुदर महरा, रामनारायण महरा र निरस यादव छन् ।

धनुषाकै रूपैठा घर भई रमदैयास्थित ससुरालीमा बस्दै आएका राजु महराको पनि मृत्यु भएको छ । शत्रुघन मण्डलको शुक्रबार साँझ जनकपुरको सिटी अस्पतालमा उपचारका क्रममा मृत्यु भयो। दुई साताअघि रमदैयासँगै जोडिएको मुसहर बस्तीमा मदिरा सेवनबाटै भुनटुन सदा, दसै सदा र विजय महराको मृत्यु भएको थियो । सबैको शुरुमा टाउको र पेट दुख्ने, बान्ता आउने, आँखा डम्म हुने र अन्ततः शरीर चिसो भएर मृत्यु हुने गरेको स्थानीयवासीले बताएका छन् ।

# पत्रकार महासंघ जापानले मनायो स्थापना दिवस

**पूर्ण चलाउने/मध्यान्ह**
टोकियो, २ चैत

नेपाल पत्रकार महासंघ जापान शाखाको दशौं स्थापना दिवस सम्पन्न भएको छ । टोकियोको सिनओकुबो स्थित महासंघको सम्पर्क कार्यालयमा शुक्रबार दशौं स्थापना दिवस मनाइएको हो । कार्यक्रमका प्रमुख अतिथि तथा पत्रकार महासंघ जापान शाखाका सल्लाहकार भूषण घिमिरेले 'केक' काटेर स्थापना दिवस समारोहको शुभारम्भ गरेका थिए ।




सो अवसरमा प्रमुख अतिथि घिमिरेले जापानको नेपाली समाजलाई सुचना तथा समाचारका माध्यमद्वारा सुसुचित गर्नुपर्ने कर्तब्य जापानमा रहेका नेपाली पत्रकार हरुको भएको बताउँदै समाजप्रति जिम्मेवार भएर योगदान गर्न पत्रकारहरुलाई सुझाव दिए ।

पत्रकारहरुमा बिशेष अध्ययन, विशेष क्षमता र बिशेष दक्षता हुनुपर्ने उल्लेख गर्दै उनले पत्रकार राम्रो भए मात्रै महासंघ राम्रो हुने बताए । 'पत्रकार महासंघको स्थापना दिवस मनाइनु भनेको संस्थापकहरुप्रतिको सम्मान हो', घिमिरेले भने, 'नेतृत्व परिवर्तन भइरहन्छन् यो प्रक्रिया हो, तर पत्रकारहरुबिचको एकता आजको आवश्यकता हो ।'

कार्यक्रममा पत्रकार दिनेश थपलियाले महासंघले पत्रकारहरुबीच भेटघाट, छलफल तथा क्षमता अभिवृद्धिको अवसर दिएको उल्लेख गर्दै महासंघको स्थापना दिवसको शुभकामना व्यक्त गरे ।

पत्रकार महासंघ जापानका अध्यक्ष मोहन घलेले स्थापना दिवसको अवसरमा अग्रज पत्रकार हरुप्रति सम्मान प्रकट गर्दै महासंघले आगामी दिनमा प्रभावकारी कार्यक्रमहरु गर्ने प्रतिबद्धता व्यक्त गरे ।

महासंघ जापान शाखाका सदस्यहरु कृष्ण अधिकारी, विश्वास आचार्य, व्यवसायी शिव पौडयाल लगायतको उपस्थिति रहेको उक्त कार्यक्रमको संचालन महासंघका कोषाध्यक्ष आनन्द कोइरालाले गरेका थिए भने महासंघका उपाध्यक्ष पूर्ण चलाउनेले स्वागत मन्तब्य राखेका थिए ।

कोरोना भाइरसको प्रकोप बढिरहेका कारण स्थापना दिवस सामान्य ढंगले मनाइएको पनि महासंघले जनाएको छ । पत्रकार महासंघ जापान शाखाको स्थापना सन २०११ मा टोकियोमा भएको हो ।

# बेपत्ता आयोगको टोली रोल्पामा

**रोल्पा/रासस-** बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले रोल्पाबाट छानविन प्रक्रिया अघि बढाएको छ । सशस्त्र द्वन्द्वमा बेपत्ता व्यक्तिको स्थलगत छानविन गर्न आयोग रोल्पा आएको हो । आयोगलाई प्राप्त उजुरीका आधारमा बेपत्ताको सत्यतथ्य अनुसन्धान गरी सिफारिस गर्न आफू स्थलगत अध्ययनमा आएको बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका अध्यक्ष युवराज सुवेदीले जानकारी दिए । 'आयोगले पाएको समयावधिमै तोकिएका काम सम्पन्न गर्ने गरी प्रक्रिया अघि बढेको छ,' अध्यक्ष सुवेदीले भने ।

'अनुसन्धानपछिका प्रक्रियाका लागि कानूनको अभाव रहे पनि अनुसन्धानका लागि विद्यमान कानूनले अवरोध नगर्ने भएकाले उपलब्ध कानूनी अवस्थालाई अधिकतम उपयोग गर्छौं,' अध्यक्ष सुवेदीले भने । द्वन्द्वपीडितमैत्री कानून नभएको आफूले सुनेको बताउँदै त्यसका लागि सुझाव दिएको सुवेदीले भने ।

सशस्त्र द्वन्द्वको उद्गम थलो मानिने रोल्पामा विभिन्न माध्यमबाट कूल उजुरी १३२ परेका छन् । तीमध्ये ३२ वटा उजुरी सत्यनिरुपण तथा मेलमिलाप आयोगमा पठाइएको छ । यसैगरी उजुरीकर्ताको अनुरोधमा तीन उजुरी सत्यनिरुपण तथा मेलमिलाप आयोगबाट फिर्ता पठाइएको छ । तामेलीमा पाँच उजुरी छन्। विस्तृत छानविन गर्ने भनी आयोगबाट ९८ उजुरीको निर्णय भइसकेको आयोगले जानकारी दिएको छ। आयोगले ९८ उजुरीलाई कारवाहीयुक्त उजुरीका रुपमा राखेको छ । उजुरीका आधारमा बेपत्ता पारिएका व्यक्तिको संख्या ९९ छन् ।

आयोगका सदस्य विश्वप्रकाश भण्डारी, डा गङ्गाधर अधिकारी, सुनिल रञ्जनसिंह र सरिता थापासँगै आयोगका कर्मचारी संलग्न छन् । सदरमुकामको जिल्ला सरकारी वकिल कार्यालय र जिल्ला समन्वय समितिको कार्यालयमा चार वटा कार्यटोली बनाएर अनुसन्धानको काम गरिरहेको आयोगका सचिव कृष्णजीवी घिमिरले जानकारी दिए ।

**डिमेटर कन्सल्टिङ्ग प्रा.लि.को हकदावी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७४/०४/०९ मा दर्ता भएको डिमेटर कन्सल्टिङ्ग प्रा.लि.(दर्ता नं.१७१५१६) को मिति २०७६/११/२५ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।

**लिक्वीडेटरः जिवन कुमार थापा, अनामनगर, काठमाडौं, इजाजतपत्र नं. २९०, फोन नं. ९८४१६९६९६६**

**एडभाईज टिम कन्सल्टिङ्ग प्रा.लि.को हकदावी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७४/०४/०९ मा दर्ता भएको एडभाईज टिम कन्सल्टिङ्ग प्रा.लि.(दर्ता नं.१७१५१५) को मिति २०७६/११/२५ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।

**लिक्वीडेटरः जिवन कुमार थापा, अनामनगर, काठमाडौं, इजाजतपत्र नं. २९०, फोन नं. ९८४१६९६९६६**

**UAE मा वैदेशिक रोजगारको अवसर**

कम्पनीः AL BENAYA BULDING CLEANING SERVICES LLC, UAE
पूर्व स्वीकृत मितिः २०७६/१२/०२ | चलानी नं.: ६०१५३४६४ | L.T. No.: 234969

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Worker | 13 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Office Clerk | 1 | 0 | | 1200 | ३८,५४५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा चैत १० गते (23 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इ.नं.:५६७/०६२/०६३
**Euro Tech Consultancy Pvt. Ltd.**
Samakhusi-29, Kathmandu, Nepal, Tel: 4351524, 4387728
Mob: 9851021264, 9851137156, 9851084492, 9843708472
E-mail : myeurotechmail@gmail.com

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।**

**कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.**
**Cosmo Nepal Travel And Tours (P.) Ltd.**



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# जुरेको अवसर


दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) राष्ट्रका प्रमुखहरूले विश्वभर महामारीका रूपमा फैलिएको कोरोना भाइरसबारे आइतबार भिडियो सम्मेलन गरेका छन् । आइतबार अपरान्ह सार्क मुलुकका नेताहरूले कोरोना भाइरस विरूद्ध लड्न आपसी समझदारी, सहयोग र साझा सहकार्यबारे छलफल गरेका छन् । मिर्गौला प्रत्यारोपण गरी शुक्रबार मात्रै बालुवाटार फर्किएका प्रधानमन्त्री केपी शर्मा ओली आफैं सिंहदरबार पुगेर भिडियो सम्मेलनमा सहभागिता जनाएका छन् । यो सम्मेलनको पहलकदमी भने भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले लिएका थिए । प्रधानमन्त्री मोदीको प्रस्तावमा अन्य सदस्य राष्ट्रका कार्यकारी प्रमुखहरूले समर्थन गरेकाले आइतबार भिडियो सम्मेलन संभव भयो । भारतीय प्रधानमन्त्री मोदीको प्रस्तावमा अन्य मुलुकले समर्थन जनाएसँगै सार्क सचिवालयले प्राविधिक तयारी गरेको थियो ।

सार्क राष्ट्रका नेताहरूको भिडियो सम्मेलनले संसारलाई नै नयाँ सन्देश दिएको छ । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले कोरोना भाइरसलाई महामारीका रूपमा घोषणा गरेपनि सार्क जसरी अन्य क्षेत्रीय मञ्चहरूले सामुहिक प्रयास गरेका थिएनन् । तर, कोरोना भाइरससँगै सीमाना जोडिएका मुलुकहरू समेत सम्मिलित सार्क (क्षेत्रीय मञ्च) ले लिएको पहलकदमी र प्रतिबद्धता संसारकै लागि अनुकरणीय छ । कोरोना भाइरसको संक्रमण अहिले सार्कका सवै देशमा देखिइसकेको छ । डब्लुएचओका अनुसार, नेपाल १, श्रीलंका ११, माल्दिभ्स १३, पाकिस्तान ३८, भारत १०८, अफगानिस्तान १६, बंगलादेश ६ र भुटान १ जनामा संक्रमण देखिएको छ भने भारतमा दुई जनाको मृत्यु भएको छ ।

डब्लुएचओले महामारीको घोषणा गरेको कोरोनाबाट संक्रमित ७ प्रतिशत अर्थात् ५९७३ जनाको मृत्यु भइसकेको छ भने पाँच हजार ६६३ जना गम्भीर विरामी छन् । १५६ देशमा फैलिसकेको कोरोनाबाट आइतबार साँझसम्म एक लाख ६१ हजार ४८ जना संक्रमित देखिएका छन् । त्यस मध्ये ७९ हजार ११६ जना संक्रमितको उपचार भइरहेको छ भने ७५ हजार ९५९ उपचारपछि घर फर्किएका छन् ।

यस्तो गम्भीर तथ्य बीच सार्क मुलुकहरूबीच भएको सामुहिक प्रतिबद्धता आफैंमा सन्देशपूर्ण हो । किनभने, कोरोना कुनै एउटा देशको प्रयासबाट मात्रै संभव छैन । सार्क मुलुकहरू एकआपसमा जोडिएकाले कोरोना संक्रमणको रोकथाम सँगै अत्यावश्यक उपभोग्य वस्तुको उपलब्धतामा समेत सहयोग पुग्नेछ । कोरोना महामारीको संन्त्रासले सार्क मुलुकलाई सक्रिय बनाउनु जति उपलब्धीपूर्ण छ, त्यो भन्दा बढी अर्थ सुस्ताएको सार्कले पुनर्जिवन पाउनु पनि हो । जसले क्षेत्रीय शान्ति, एकता र विकासका लागि सहकार्यलाई बल पुग्नेछ ।

## सामाजिक सञ्जाल




डिभोर्सका घटना बढेकोमा चिन्ता गर्ने एकथरिको समाज छ होला तर वैवाहिक हिंसा सहन्न भनेर डिभोर्स गर्ने महिलाहरूको साहसलाई सपोर्ट गर्ने निर्णय गरियो । भलै पितृसत्ताका धरोहर सम्हालेका महिला पुरूषले त्यसलाई नमान्लान, तर हिंसा बिरूद्धको निर्णय ठिक छ । सन्दर्भ- उषा/जीपी डिभोर्स !

- **सविता थापा**




आत्मबलले रोगप्रतिरोधात्मक क्षमता बढाउँछ भन्दै थुप्रैले लेख्दिए भन्दैमा यति साह्रो आत्मबलले ल्याउने इम्युनिटी त्यही प्रत्यारोपणकै लागि प्रत्युत्पादक हुन्छ भनेर पनि त बुझिदिनुस् प्लिच ! देश अटोमोडमा यसै पनि चलेकै थियो, चल्छ नै !

– **रामेश**



कोभिड बारे धेरै नै (अति नै) छलफल, बहस भइरहेका छन् । तर यो जरूरी छ– केहि आतंक जरूर चाहिन्छ, नत्र जनमानसबीच यसको तयारी कमजोर हुनसक्छ । तर अति बढि आतंकले अन्य तनाव निम्त्याउँछ, जसले स्वास्थ्यलाई प्रतिकुल पार्न सक्छ । म तथ्यसहित सतर्कता र कम आतंकमा विश्वास गर्छु । थ्रेड पढ्नुहोला :

– **समिर एम. दिक्षित**



कम्तिमा मलाइ चैं यस्तो लाग्छ,जस्तो कि शेष घलेहरूले अर्बौं खर्चेर ५ स्टार होटल बनाउनु भन्दा एउटा ठूलो धर्मशाला बनाइदिए ओत नभएका गरीव बस्न पाउँथे । तिनलाई सस्तोमा केही तालिम दिएर स्वावलम्वी बनाउन सके आत्मनिर्भर हुनसक्थे । राज्यलाई मात्र कति गाली गर्नु, सक्नेले यसरी सोच्न सकिन्न ?

– **आस्था**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article .madhyanhadaily@gmail .com

# नेपालमा समावेशीकरणको कथा



■ विनोद न्यौपाने

**“ नेपालको परिप्रेक्ष्य अध्ययन गर्दा अपाङ्गता भएका, गरिबीको रेखामुनि रहेका, जातजातीय छूवाछूतबाट पीडित साथै छूवाछूतभित्र नै छूवाछूत प्रस्ट देखिन्छ, जस्तै : कामी, दमाईं, सार्की र गाइनेबीच नै बिहेबारी नचल्ने, पानी नचल्ने बिटुलो-छूवाछूत देखिन्छ ।**

१ सय २५ जातजाति र १ सय २९ भाषाभाषी

यो पृष्ठभूमिमा यही भूगोलमा ‘आर्यहरूकै एउटा बगाल (दरद र नुरिस्तानी) इपू पन्ध्रौं शताब्दीदेखि तेह्रौं शताब्दीबीचमा यस प्रान्तमा खोलै खोला उक्लिसकेका अनेक पुरातात्विक प्रमाण (किथ, १९१३ इ., ‘द व्रात्याज’, टुची, १९४० इ., टिबेटन पिल्ग्रिम्स इन स्वात भ्याली, महेश्वर जोशी, २०१७ इ., हर्स इन रक ड्रइङ्स इन स्पिपत) पाइएका छन्’ भनेर प्राध्यापक माधव प्रसाद पोखरेल लेख्छन् । अर्कातिर बैकाल तालको क्षेत्रतिरबाट सिल्क रोड हुँदै मंगोलियनहरू यो भूगोलमा छिरेको देखिन्छ । त्यसरी नै अफगानिस्तान हुँदै आर्य र किराँत छिरेको इमान सी चेम्जोङ लेख्छन् । खुल्ला सिमानाका कारण भारत, पाकिस्तान र बङ्गलादेशबाट नेपालको तराईमा छिरेका जातजातिबारे विद्या वीर कंसकार लेख्छन् । यही पाटो केलाउँदा तिब्बतबाट छिर्ने अर्कोथरी देखिन्छ । समग्र यसरी सिकारी, हरुवा, चरुवा, खोरिया फाडदै भोजन खोज्नेहरूको थलो नेपाल देखिन्छ !

यस पृष्ठभूमिलाई लिएर नेपालको बहिष्करण, समावेशीकरण र संयुकता खोज्नुपर्ने हुन्छ, जुन साह्रै जटिल विषय हो ।

अर्थात् यस भूगोलभित्र बसोबास गर्ने १ सय २५ जातजाति, यिनीहरूको गरिबी, अशक्तता, संस्कार र संस्कृतिभित्र पसेर प्रत्येक स्पेस, प्लेस र समयको विश्लेषण र व्याख्या गरिनुपर्छ । तर, यस भूगोलमा राजनीतिक भागबन्डा, दाताको उद्देश्य लिएर सम्पन्न महिलाहरू लिएर बहिष्करण र समावेशीकरणको प्रयोग गरी बनिया गिरी स्वार्थ प्रयोग गरिरहेको देखिन्छ । यहाँ सामान्य लेखकले वास्तविक के हो त बहिष्करण र समावेशीकरण, कसरी विश्वमा जन्मियो र हाम्रो अवस्था के हो ? भन्ने विषय भित्र रहेर सामान्य बाहिर ल्याउने सैद्धान्तिक पाटोको मात्रै प्रयत्न गरेको छ ।

सामाजिक समावेशीकरण आदानप्रदानका लागि प्रयोग गरिन्छ । यो सामाजिक एकता, सामाजिक एकीकरण र सामाजिक सहभागितासँग सम्बन्धित नै हो । विपरीत रूपमा यसलाई सामाजिक बहिष्कार र बहिष्करण बुझिन्छ । विस्तृत शृङ्खलालाई सन्दर्भमा जोड्दा अपाङ्गता, गरिबी र स्रोत र साधन बाट वञ्चितसँग सम्बन्धित प्रक्रियाहरू, सीमान्तकृत व्यक्ति र ठाउँहरूका सम्बन्धमा प्रयोग गरियो । नेपाली सन्दर्भ अध्ययन गर्दा संविधान बनाउँदा होस् वा समाज कल्याण र सामाजिक योजनाहरू बनाउन यही विषयहरूलाई लिएर अध्ययन गरेको देखिँदैन तर क्रियाकलापहरू लिएर अध्ययन गरेको पाइन्छ । १ सय २५ जातजाति रहेको यस मुलुकमा संविधानमाथिको विवाद चलिरहेको छ तर पनि यस संविधानले सामाजिक र आर्थिक अधिकारहरूको एक शृङ्खला समावेश गरेको देखिन्छ । राज्यमा आफ्ना नागरिकलाई आधारभूत वस्तुहरू र सेवाहरू पुऱ्याउन दायित्वहरू ल्याएको छ । नेपालजस्तो शरणार्थी थुप्रिएको, खुला सिमाना भएको मुलुकमा अधिकार हरूको समावेशीकरण गर्न गहन, आर्थिक, सामाजिक र जनसांख्यीकीय क्षेत्रमा अनुसन्धानको विषय बन्नुपर्थ्यो, त्यो गरिएन, यो दुर्भाग्य हो । हाम्रो वास्तविक आधारभूत धरातलको अध्ययन भएन यहाँ गैरसरकारी संस्था र त्यो सँग जोडिएका प्राध्यापक हाबी भएको देखिन्छ !

यही सङ्घीय संविधानअन्तर्गतका तिनै सरकारले आफ्नो उत्तरदायित्व र सार्वजनिक शक्तिको प्रयोगले समावेशीकरणलाई समेट्ने र अभ्यासमा लैजाने नीतिगत छनौटका विषयहरूमा सन्तुलन कायम गर्नुपर्छ ।

सामाजिक-आर्थिक मूल बहावबाट बाहिर र सामाजिक-आर्थिक मूल बहाव भित्र यी दुई शब्दलाई माथि उल्लेख गरिएअनुसार बुझ्न जरुरी हुन्छ, सोझै नेपाली करण गरिएकाले शब्द नै बहिष्करण र समावेशीकरण सुन्दा अनौठो लाग्छ । यहाँ प्रश्न अर्को आउँछ, कुन हो त आर्थिक र सामाजिक मूल बहाव ? केलाई लिने ?

यसबारे विषय उठान गर्दा राज्य, भूगोल, स्पेस र समय मुताबिक बहुमतीय जनसांख्यीकीय तथ्याङ्क आर्थिक र सामाजिक रूपले व्यक्ति वा समुदाय कुन मापनमा रूपान्तरण भइरहेको छ त्यसलाई आधार लिइन्छ । त्यो मूल प्रवाहबाट व्यक्ति वा समुदाय कति पर भाग्यो त्यो ख्याल गरिन्छ ।

एस्टिभिल र साथीहरू भन्छन्, हामीसँग असमानता र उत्पीडनको लामो सामाजिक इतिहास रहेको छ, जसभित्र भेदभावपूर्ण व्यवहार, बहिष्करण, शत्रुतापूर्ण मनोवृत्ति चित्रित सामाजिक र सांस्कृतिक नियमहरूले मानिसहरूलाई वर्गीकृत गर्छ, साथै अलग गर्छ । यसरी विषयहरू आउँदा विश्वमा गरिबी अर्थात् गरिबीको रेखामुनि रहेका र अपाङ्गता भएका व्यक्तिहरू बहिष्करणमा परेको त्यसलाई समावेशीकरण गर्नुपर्ने देखाइएको पाइन्छ ।

बहिष्करण र समावेशीकरण दुवै एक आपसी जोडिएका बहु-आयामिक प्रक्रिया र बहु-तह भएका विषयहरू हुन् । सजिला विषयहरू होइनन् । समावेशीकरण एक बहुरुपी अवधारणा भनेर क्लिफटन र साथीहरू भन्छन् भने बहिष्करण एक प्रतिस्पर्धात्मक धारणा हो भनेर मोर्गन र साथीहरू भन्दछन् ।

नेपालकै सन्दर्भमा यसलाई लिँदा छुवाछुतभित्रकै चोखो र बिटुलो जातजाति, दलित, आरक्षण, समानुपातिक, महिला अधिकार पुग्यो/पुगेन आदि मुख्य चार आयामहरूमा आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा देखाएको प्रस्ट छन् । बहुरूपी अवधारणा र प्रतिस्पर्धात्मक धारणामा यी माग, अनुरोध, संविधान संशोधन, ऐन, नियम संशोधन, राज्यको सहयोग आदि परिदृश्यमा प्रकट हुन्छन् ।

सामाजिक बहिष्ककरण र समावेशीकरण व्यक्ति, घर, समूह, समुदाय, देश र वैश्विक स्तरहरूसहित विभिन्न स्तरहरूमा देखा परेका छन् । यसमा स्रोत, अधिकार, वस्तु र सेवाहरूको अभाव वा अस्वीकार समावेश हुन्छ । आर्थिक सम्बन्ध, सामाजिक, सांस्कृतिक, वा राजनीतिक क्षेत्रको समाज मा बहुमतका लागि उपलब्ध सामान्य सम्बन्ध र गतिविधिहरूमा भाग लिन असक्षमताले व्यक्तिहरूको जीवनको गुणस्तर र समग्रमा समाजको समानता र एकतालाई असर गर्ने कार्य गरेको देखिन्छ । केही निहित व्यक्तिहरूको र गैरसरकारी संस्थाहरूको स्वार्थले नेपालको संविधानमै ‘दलित’ शब्द राखेर मानव जातिकै अन्यायी र पक्षपाती वर्गीकरण गरेको देखिन्छ । यसैलाई विभाजनको मोहोरा बनाएर धर्मविरुद्ध भ्रम फैलाउने, द्वन्द्व भड्काउने र सामाजिक विखण्डन गर्न लागेका गैरसरकारी संस्थाहरू देखिन्छन् । यहाँ छूवाछूत प्रथा वा बिटुलो जातजातिको प्रचलनले जरो गाडेको छ, यसको रूपान्तरण गर्न सांस्कृतिक र आर्थिक रूपान्तरणले सम्भव छ । अर्को विकृतिको राजनीतिक पाटो हेर्दा जात जातीय नाममा व्यक्ति मोटाउने, कथित माथिल्लो र तल्लो जात सँग विवाह गर्ने महिला र पुरुषले माइती र घरपट्टि थर ओल्टाइपल्टाइ ठाउँ अनुकूल आफ्नो दुनो सोझ्याएको पनि देखिन्छ । यसै प्रसङ्गमा यस लेखकले विशुद्ध समावेशीकरणको उद्देश्यमा राज्यले दिएको जिम्मेदारीका व्यक्तिहरू केही भेट्दा आफ्नो जिम्मेदारीबाट भाग्ने, हामीलाई हेप्ने भनी आक्षेप खप्तने र जोगिने प्रवृत्ति धेरै ठाउँ भेटेको छ ।

मूलभूत रूपले जनसांख्यीकीय अध्ययन र अनुसन्धान, शरणार्थीहरूको अध्ययन, खुल्ला बोर्डरको आवत-जावत र बसाइँसराइको अध्ययन, गरिबीको रेखा मुनि रहेका नेपालीहरूको विस्तृत र व्यापक अध्ययन र अनुसन्धान बेगर नेपालमा सामाजिक बहिष्करण र समावेशीकरण समाधान गर्न सकिने वाला छैन । विभिन्न स्वार्थ बोकेका व्यक्तिहरूले र संस्थाहरूले स्वार्थ सिद्ध गर्न कानुन, धारा, उप धारा मात्रै देखाउने छन् । यसले थोरै कानुनी उपचार देला तर हाम्रो सामाजिकीकरण र रूपान्तरणमा ठुलो भूमिका खेल्ने वाला छैन भन्ने हालसम्मको भूगोलले प्रस्ट पारिसकेकाले लेख्नुपर्ने आवश्यकता देखिँदैन ।

यहाँ स्मरणीय विषयमा हाम्रा आर्थिक-सामाजिक नीतिहरूमा दिगो समावेशीकरणलाई उत्प्रेरणा, आधारभूत धरातलमा शिक्षा, जातजातिमा रहेको सीप, ज्ञानलाई समयानुकूल रूपान्तरण, दैनिक जीवन सहज, रोजगारी मूलक वातावरण र आफैं-स्वयम् राजनीतिक क्षेत्रमा सहभागिताको खाँचो देखिन्छ । हामीले यो छरिएर रहेको विभिन्न जातजातिको बहिष्करण र समावेशीकरण एक बिन्दुमा समेट्न सक्ने केही कानुनी आधारमा मात्रै हो नभए सक्दैनौ । यहाँ समावेशीकरणको प्रतिफल र परिणामहरू हेरेर योजना चक्र तयार गर्ने अनि संस्थागत संरचनाहरू दिगो समावेशीकरणलाई बनाउने र कार्य प्रणाली हिँडाउनेतर्फ जानुपर्छ । अर्थात् सुरुकै अवस्थामा बहिष्करण अध्ययन गरेर समावेशीकरणलाई आधारभूत धरातल दिने कार्य नेपाल सरकारले गर्नुपर्छ ।

नेपालको परिप्रेक्ष्य अध्ययन गर्दा अपाङ्गता भएका, गरिबीको रेखामुनि रहेका, जातजातीय छूवाछूतबाट पीडित साथै छूवाछूतभित्र नै छूवाछूत प्रस्ट देखिन्छ, जस्तै : कामी, दमाईं, सार्की र गाइनेबीच नै बिहेबारी नचल्ने, पानी नचल्ने बिटुलो-छूवाछूत देखिन्छ । त्यस्तै, नेवारहरूभित्र पनि विभिन्न उपसमूह देखिन्छन्, बाहुनभित्र पनि यही समस्या अर्थात् जातजातिभित्र नै अर्को संस्कार नचल्ने देखिन्छ । प्रस्ट, यो विषय सजिलो छैन, धेरै गहिरो छ । प्राध्यापक माधवप्रसाद पोखेलका अनुसार तगाधारी क्षेत्री, मतवाली क्षेत्री, कुकुडे- कुखुरा काट्ने बोहरा, कर्णालीमा चार राठ, बाह्र राठका बाहुन, कोही छोरी दिने बुहारी नल्याउनेसम्म उल्लेख गरेका छन् । यो बाहुन र क्षेत्रीभित्र नै जटिलता देखिन्छ भने बिटुलो जात भनेर भनिएका तिर कामीहरूमा मिझार (फलाम), सुनार (सुन), कसारा (काँस), टमोट्टा (तामा), लोहार (फलाम) र ओड गरी ६ प्रकार औंल्याएका छन् । त्यस्तै दमाईंतर्फ, दमाईं (दमाहा), हुड्के (हुडको), आउँजी (लुगा) गरी तीन वर्गीकरण पाइन्छन् भनी प्राध्यापक पोखेल “कर्णाली प्रदेशका जाति, भाषा र सांस्कृतिक अवस्था एक अध्ययन’ मा लेख्छन् । प्राविधिक सीप भएका, परम्परागत टेक्निसियन यी हाम्रो जातजातिहरूबीच नै संस्कार र रहनसहन भिन्न-भिन्न पाइन्छ, अर्थात् यहीभित्र पनि जात-जातीय बहिष्करणको ठूलो समस्या छ । यसरी नै तराई र हिमाली भेगमा पनि छ, तर हिमाली भेगको दलितलाई संविधानमा उल्लिखित गरिएको देखिँदैन ।

यहाँ लैङ्गिक, जातीय र वर्गीय विभेदहरू छन्, सामाजिक परिवेशबाट सोझै उछिट्टिएका राउटे र चेपाङ आदि देखिन्छन् भने कुसुण्डा जात त हराएको भेटिन्छ । राज्यमा छूवाछूतले पीडामाथि पीडा थपिदिन्छ, यसलाई समावेशीकरणमा केही सीमित व्यक्तिलाई राजनीतिक पद दिएर पूर्ति हुने अवस्था नेपालमा देखिँदैन । सङ्घीय शासन व्यवस्थाका यी दुई वर्षका प्रतिफल र परिणाम बोलिसकेको अवस्था छ ।

हाम्रो अर्थतन्त्र जसरी दातामुखी छ त्यसरी नै समावेशीकरणको बाटोमा पनि दाता मुखी छौं । नीति निर्माता र विकास विज्ञहरू योजना बनाउँदा बढी राजनीतिक हाबी र मूल्य शृङ्खलाको विश्लेषण प्रयोग गर्छौं । साना उत्पादकहरू, स्थानीय व्यापार प्रणालीमा क्षमताहरू र संस्थागत संरचनाहरू तयार नगर्नुन्जेल हाम्रा समावेशीकरणका कार्यक्रमले बहिष्करणतिर पुगेका व्यक्ति र समुदायलाई समेट्ने देखिँदैन । यहाँ बहिष्करण र समावेशीकरणलाई राजनीतिक शब्द आडम्बरमा अलमल्याएर खानेहरूको बाहुल्यता बढ्दो छ भने गरिब र धनीको खाडल दिनहुँ गहिरिँदै गएको देखिन्छ । अर्थात्, प्रो नुर्क्सेकै सिद्धान्त मुताबिक ‘क्रूर गरिबीको चक्र’ मै घुमिरहेका छौं र हुनेछौं । हाम्रो रेमिट्यान्स तलमाथि हुनासाथ ढुङ्गामा पावा पछारिएझैं पछारिने अवस्थामा हामी रहेका छौं । यो सबै दाता मुखी अर्थतन्त्र, विकास र उनकै उद्देश्यअनुकूलता अनुसारका नीति र कार्यक्रम प्रस्ट बोल्छन् । हामी बेलैमै सचेत हुनु जरुरी भइसकेको अवस्था देखिन्छ ।

यहाँ असमानता, गरिबी र सामाजिक बहिष्करण हटाउन आएको समावेशीकरणलाई निष्पक्षता, सामाजिक न्याय र सामाजिक कार्य मूल्यहरूमा अभ्यासमा लान प्रयत्न गर्नुपर्छ । जातीय भेदभावको सम्बन्धमा र शरणार्थीहरूको सम्बन्धमा समावेशी अभ्यासको नीति, योजना र कार्य प्रणालीको साथै आर्थिक रूपान्तरण र रोजगारीको सिर्जना गर्नु पर्ने आवश्यकता देखिन्छ ।


यहाँ नेपालको सन्दर्भमा बहिष्करण, समावेशीकरण र संयुक्ततालाई दातासँग मागेर खाने भाँडो बनाइनु हुँदैन । सामाजिक बहिष्कारका लागि यसको दृष्टिकोणभित्र पसेर अध्ययन गर्दा यो समावेश न गतिशील छ, बहु आयामिक छ र एक आकस्मिकता पनि हो, जुन हाम्रो लागि मूल्यवान् अवसर र चुनौती हो । जुन विषय हिजोको हाम्रो बसाइँसराइ, एक लाख भुटानी शरणार्थीको थुप्रो, तिब्बतीहरूको वासस्थान, भारतीयहरूको प्रवेश आदि प्रस्ट बोल्छन् ।

बहिष्करण, समावेशीकरण र संयुक्ततामा विषयहरूको आउँदा भाषाको ठूलो महत्व हुन्छ । हामी भाषाको माध्यमबाट संसारलाई बुझ्न सक्छौं भने आफ्नो स्थान पनि बुझ्छौ । हाम्रो भाषाको प्रयोगले शक्ति, अधिकार र वैधानिकता सिर्जना गर्छ । समावेशी अभ्यासको सर्तमा भाषा महत्वपूर्ण हुन्छ । त्यसैले यससँग जोडिएर पहिचानको दृष्टिकोण पनि आउँदछ जुन गएर जातजाति, धर्म, संस्कार, संस्कृति र राष्ट्रियतासँग टाँसिन पुग्छ ।

विज्ञहरू एन टकेक, बेथ आर क्रिस्प, मेलिसा ग्राहम, लिसा हन्ना र सोफी गोल्डिंगेको भाषामा बोल्दा बहिष्करणको विश्लेषण सैद्धान्तिक बहुल वाद र व्यावहारिक बहुलवादका आधारहरूमा गर्न सकिन्छ ।

समावेशीकरण र संयुक्तता दरिलो पार्न आर्थिक र सामाजिक कार्यको नीति देखि अभ्यासमा सुधार गर्नु पर्ने, सेवा र सुविधाको समावेशीकरणको रचना गर्नु पर्ने, स्वास्थ्य प्रवर्द्धन, सार्वजनिक सामान्य नागरिकहरूको स्वास्थ्य, सार्वजनिक क्षेत्रका सेवाहरूमा सशक्तीकरण र शक्ति-आधारित दृष्टिकोणको वृद्धि गर्नुपर्ने आजको आवश्यकता देखिन्छ ।

# हाइड्रोपावर लगानीकर्ताहरूको आश



नरेन्द्रमान श्रेष्ठ

मेरा एक जना मित्र सेयर लगानीकर्ता विष्णुहरि श्रेष्ठले केही वर्ष पहिले एउटा जलविद्युत् कम्पनीको प्राथमिक सेयर निष्कासन हुँदा प्राथमिक सेयर खरिदका लागि आवेदन गर्न घामपानी, भोकप्यास नभनी चार घण्टा लाइनमा बसेर आवेदन दिएको रु. १ सय पर्ने सेयरको अहिले दोस्रो बजारमा रु. ६० को हाराहारीमा कारोबार भइरहेको छ । पछिल्लो समयमा धेरैजसो हाइड्रोपावरहरूको सेयरको हालत यस्तै छ भन्दा पनि फरक नपर्ला । विगतमा रु. २५ सयभन्दा बढी पुगेको हाइड्रोपावरको सेयरको मूल्य अहिले रु. ३-४ सयमा पाइने गरेको छ । पछिल्लो समयमा हाइड्रोपावर कम्पनीको दोस्रो बजारका लगानीकर्ताहरूमात्र नभई प्राथमिक सेयरका लगानीकर्ताहरूसमेत विचल्लीमा छन् । पछिल्लो समयमा लगानीकर्ताहरूको आकर्षण हाइड्रोपावर कम्पनीहरूमा घट्दै गएको छ भन्दा पनि फरक नपर्ला ।

विगतमा हाइड्रोपावर कम्पनीका प्राथमिक सेयरहरू निष्कासन हुँदा घामपानी नभनी घण्टौं लाइनमा बसेर कतिपय अवस्थामा त बेलुकासम्म भए पनि लाइनमा बसेर आवेदन बुझाउने गरेको थिए । तर, पछिल्लो समयमा घर, कोठा, अफिस, पसल जहाँतहीं बसेर आवेदन दिन सक्ने भए पनि जलविद्युत् कम्पनीका प्राथमिक सेयरहरूमा समेत आवेदन दिन लगानीकर्ताहरू त्यति उत्साहित देखिएनन् भन्दा पनि फरक नपर्ला । पछिल्लो समयमा केही जलविद्युत् कम्पनीहरूले निष्कासन गरेका प्राथमिक सेयरहरू पनि सबै बिक्री भएनन् भने बिक्री नभएको सेयरको प्रत्याभूति लिने भनेका कम्पनीहरूले समेत सेयरको प्रत्याभूति लिन आनाकानी गरेको चर्चा सेयर बजारमा चलेको थियो । त्यसो त कतिपय लगानीकर्ताहरूको भनाइमा अहिलेको अवस्थामा जलविद्युत् कम्पनीहरूको सेयरमा लगानी गर्ने भनेको बालुवामा पानी हाल्ने जस्तै हो भनेर पनि भन्ने गरेका छन् । सरकारले समेत सरकारको पानी जनताको लगानी भन्ने नाराका साथ जलविद्युत् आयोजनाहरू अगाडि साररिरहेको समयमा लगानीकर्ताहरूको आकर्षण भने जलविद्युत् कम्पनीमा नरहेको जस्तो देखिएको छ ।

त्यसो त पछिल्लो समयमा जलविद्युत् कम्पनीहरूको सेयर दोस्रो बजारमा नै रु. १ सयभन्दा कम मूल्यमा पाइरहेका कारणले पनि जलविद्युत् कम्पनीहरूको प्राथमिक सेयरका लगानीकर्ताहरूको आकर्षण त्यति नरहेको हो भन्दा पनि फरक नपर्ला । एक त पछिल्लो समयमा जारी भएका हाइड्रोपावर कम्पनीका प्राथमिक सेयरहरू बिक्न छाडेका छन् भने दोस्रो बजारमा पनि हाइड्रोपावर कम्पनीको सेयरको मूल्यमा गिरावट आइरहेको छ । दोस्रो बजारमा नै हाइड्रोपावर कम्पनीहरूको सेयर आधार मूल्य फेस भ्यालुभन्दा घटेको देखिन्छ ।

दोस्रो बजारमा कतिपय हाइड्रोपावर कम्पनीको सेयर रु. १ सयभन्दा तल छ । यस कारणले पनि हाइड्रोपावर कम्पनीका सेयरधनीहरू चुर्लुम्म डुबेका छन् भन्दा फरक नपर्ला । पछिल्लो समयमा हाइड्रोपावर कम्पनीका सेयरधनीहरू पीडित हुन पुगेका छन् । नेप्सेमा ३३ वटा हाइड्रोपावर कम्पनी सूचीकृत भएका छन्, जसमध्ये १ दर्जनभन्दा बढी कम्पनीको सेयर मूल्य रु. १ सयभन्दा मुनि छ । यसले पनि अनुमान लगाउन सकिन्छ, हाइड्रोपावर कम्पनीका प्राथमिक सेयरका लगानीकर्ताहरूसमेत नोक्सानीमा रहेका छन् । त्यसो त कतिपय हाइड्रोपावर कम्पनीहरू निर्माणाधीन अवस्थामै रहेका छन् भने कतिपय कम्पनीहरू घाटामा गइरहेका छन् । यी विभिन्न कारणले कतिपय हाइड्रोपावर कम्पनीले लगानीकर्ताहरूलाई लाभांशसमेत दिन सकिरहेका छैनन् भने कतिपय कम्पनीले वार्षिक साधारणसभासमेत गर्न सकिरहेका छैनन् । लाभांश घोषण गरेका कतिपय कम्पनीको लाभांश न्यून मात्र रहेको छ । यस कारणले पनि हाइड्रोपावर कम्पनीका लगानीकर्ताहरूले आत्तिएर घाटा खाएर भए पनि कम मूल्यमा सेयरहरू बिक्री गरिरहेका हुन् कि ? हाइड्रोपावर कम्पनीका लगानीकर्ताहरूले आत्तिएर आधार मूल्यभन्दा कममा सेयर बिक्री गर्नुभन्दा सक्नेले होल्डमा बस्नु राम्रो हुनेछ, हाइड्रोपावर कम्पनीहरूको पनि त दिन आउला नि !

कतिपय हाइड्रोपावर कम्पनीले लाभांशको घोषणा गरिसकेका छन् भने कतिपयले गर्न सकिरहेका छैनन् । यस कारणले पनि हाइड्रोपावर कम्पनीहरूको सेयर मूल्यमा सुधार हुन नसकेको कतिपय सरोकारवालाहरूको भनाइ छ । आर्थिक वर्ष २०७५/७६ को लाभांश दिने कम्पनीहरूमा बुटवल पावर कम्पनीले २८ प्रतिशत, चिलिमे हाइड्रोपावरले २५ प्रतिशत, सानिमा माई हाइड्रोपावरले १० प्रतिशत प्रतिफल दिएका छन् भने ङाडी ग्रुप पावरले १० प्रतिशत लाभांश दिने भएको छ । अरू केही हाइड्रोपावर कम्पनीहरूले ३ देखि ७ प्रतिशतको हाराहारीमा लाभांश दिएका छन् भने कतिपय हाइड्रोपावर कम्पनीहरू नोक्सानीमा नै रहेका पनि छन् । त्यसो त हाइड्रोपावर कम्पनीका लगानीकर्ताहरूले प्रतिफल केही वर्ष ढिलो पाउने गरेका पनि छन्, जसका कारण हाइड्रोपावर कम्पनीका सेयरधनीहरू दोहोरो मारमा पर्ने गरेका छन् ।

एकातिर दोस्रो बजारमा सेयरको भाउ घट्ने गरेको छ भने अर्कातिर कम्पनीबाट लाभांशसमेत पाउन सकिरहेका छैनन् । त्यसो त पछिल्लो समयमा सेयर बजारमा हाइड्रोपावर कम्पनी समूहको मात्र नभई अरू समूहहरूको पनि दोस्रो बजारमा सेयरको मूल्य राम्रो नभइरहेको अवस्था भने रहेको छ । त्यसो त हाइड्रोपावर कम्पनीहरूको नियमन गर्ने निकाय नभएका कारण पनि कतिपय कम्पनीले चलखेल पनि गर्ने गरेको बताउँछन् सरोकारवालाहरू । त्यसो त केही हाइड्रोपावर कम्पनीले हकप्रद सेयर एफपीओ जारी गर्ने भनेर सेयर बजारमा चलखेल गर्ने गरेको पनि देखिन्छ । तर, हकप्रद सेयर एफपीओ जारी गर्ने भनेर घोषणा गरेका हाइड्रोपावर कम्पनीहरूले जारी गर्न सकिरहेका छैनन् ।

त्यसो त सेयर बजारमा र हाइड्रोपावर कम्पनीहरूमा केही हाइड्रोपावरका माफियाहरूको कारण पनि लगानीकर्ताहरूले नोक्सानु ब्यहोर्नुपरिरहेको चर्चा पनि नचलेको भने होइन । त्यसो त कतिपय लगानीकताले हाइड्रोपावर कम्पनीहरूको सेयरको भाउ घटिरहेको छ भनेर आत्तिएर घटेको भाउमा सेयर बिक्री गर्ने गरेका कारण पनि कतिपय लगानीकर्ताले नोक्सानी ब्यहोर्नु परिरहेको छ । यसकारणले पनि हाइड्रोपावर कम्पनीको सेयर उकालो लाग्न नसकेको भनाइ पनि रहेको छ सरोकारवालाहरूको । यसमा सेयरधनी लगानीकर्ताहरू नै सचेत हुनुपर्ने देखिन्छ ।

विभिन्न कम्पनीमा लगानी गर्ने गरेका लगानीकर्ताहरूले आफूले लगानी गरेको कम्पनीबाट राम्रो प्रतिफल पाउने आस गरेका हुन्छन् । त्यसो त जलविद्युत् कम्पनीका प्राथमिक सेयरका लगानीकर्ताहरूले बैंक तथा वित्त कम्पनी, फाइनान्स कम्पनीहरूको जस्तो तत्काल प्रतिफलहरू नपाउन पनि सक्ने हुन्छन् । जलविद्युत् कम्पनीका प्राथमिक सेयरका लगानीकर्ताहरूले अल्पकालका लागि मात्र नभई दीर्घकालीन सोचका साथ लगानी गर्नुपर्ने हुन्छ ।

जलविद्युत् कम्पनीका लगानीकर्ताहरूले प्रतिफल पाउनका लागि केही समय पर्खनुपर्ने हुन्छ । पछिल्लो समयमा धेरैजसो जलविद्युत् कम्पनीहरूको दोस्रो बजारमा सेयर मूल्यमा गिरावट आएको र प्राथमिक सेयरहरूमा पनि लगानीकर्ताहरू त्यति उत्साहित नभइरहेको अवस्था रहेकाले प्राथमिक सेयर निष्कासन गर्नका लागि पाइपलाइनमा रहेका जलविद्युत् कम्पनीहरूले प्राथमिक सेयर निष्कासन गर्न सकिरहेका छैनन् । कतिपय लगानीकर्ताको भनाइमा दोस्रो बजारमा नै जलविद्युत् कम्पनीहरूको सेयर रु. ६०-७० मा पाउने भइरहेका छन् भने किन रु. १ सय तिरेर प्राथमिक सेयर खरिद गर्ने भनेर पनि भन्ने गरिरहेका छन् ।

# कोरोनाबाट इटलीमा १४४१ को मृत्यु

## कोरोना प्रभावित क्षेत्रबाट भारतीयको उद्धार



**रोम/एजेन्सी-** विश्व स्वास्थ्य सङ्गठनले महामारी रोगको सङ्ज्ञा दिएको कोरोना भाइरसको सङ्क्रमणबाट इटालीमा मृत्यु हुनेको सङ्ख्या शनिबारसम्म एक हजार ४४१ पुगेको छ।

स्वास्थ्य अधिकारीले दिएको जानकारीअनुसार सङ्क्रमितको सङ्ख्या शनिबारसम्म १७ हजार ७५० पुगेको छ। कोरोनाको सङ्क्रमणबाट चीनपछि सबैभन्दा धेरै इटालीमै मृत्यु भएको हो।

त्यसैगरी बेलायतमा पनि बिरामीको सङ्ख्या एक हजार १४० पुगेको छ । बेलायतमा कोरोनाका कारण मृत्यु हुनेको सङ्ख्या भने २१ पुगेको अधिकारीले जनाएका छन्।

पछिल्लो पटक मृत्यु भएका दश जनामध्ये सबै ६० वर्षभन्दा बढी उमेरका रहेको बेलायती स्वास्थ्य तथा सामाजिक हेरचाह विभागले जनाएको छ।

चीनमा तीन हजार १९९ जनाको मृत्यु भएको छ भने ८० हजार ८४४ जना सङ्क्रमित भएका छन्। चीनमा कोरोनाको सङ्क्रमणमा नाटकीयरुपमा सुधार आएसँगै शहर बजारको आवतजावत खुकुलो पारिएको र उद्योग, कलकारखाना खुल्न थालेका छन्।

तेस्रो धेरै प्रभावित हुनेमा इरान परेको छ। इरानमा १२ हजार ७२९ जना सङ्क्रमितमध्ये ६११ जनाको मृत्यु भएको छ।

त्यसैगरी दक्षिण कोरियामा आठ हजार १६२ जना बिरामी र ७५ जनाको मृत्यु भएको छ भने स्पेनमा छ हजार ३९१ जना बिरामी भएका छन् भने १९६ जनाको मृत्यु भएको छ।

उता, भारतीय अधिकारीले कोरोनाभाइरसको सङ्क्रमणका कारण इटाली र इरानमा अलपत्र परेका भारतीयको उद्धार गरिएको बताएका छन्।

कोविड-१९ फैलिएसँगै सबै उडान रद्द भएपछि इटालीमा अलपत्र परेका २२० जना यात्रुलाई भारतको एयर इन्डिया विमानबाट नयाँदिल्ली ल्याइएको छ। उनीहरु आइतबार बिहान नयाँदिल्ली आइपुगेका हुन्।

भारतीय कनिष्ठ विदेश मन्त्री भी मुरलीधरनले ट्वीट गर्दै इटालीको मिलानबाट २११ जना भारतीय विद्यार्थीसमेत २१८ जनालाई उद्धार गरिएको जानकारी दिएका छन्। विश्वभर अलपत्र परेका जोकोही भारतीयलाई उद्धार गर्न भारत सरकार तत्पर रहेको पनि उनले बताए।

विश्व स्वास्थ्य संगठनले कोविड-१९ लाई विश्वव्यापी महामारीको सङ्ज्ञा दिएसँगै भारतले आफ्ना नागरिकको उद्धार गरेको हो।

इरानमा अलपत्र परेका २३४ जना भारतीय पनि नयाँदिल्ली आइपुगेका छन्। दुइवटा एयर इन्डिया डानबाट ती सबै यात्रुलाई राजस्थानस्थित जैसल्मेरमा भारतीय सेनाद्वारा निर्मित क्वारेन्टाइन केन्द्रमा राखिने छ।

यसैबीच, कोविड-१९ बाट भारतमा सङ्क्रमितको सङ्ख्या ९३ पुगेको भारतीय स्वास्थ्य मन्त्रालयले जनाएको छ।

भारतमा हालसम्म कोरोनाकै कारण दुई व्यक्तिको मृत्यु भइसकेको छ। तीमध्ये साउदी अरेबियाको भ्रमण गरेका एक जना कर्नाटक राज्यका ७६ वर्षीय पुरुष तथा स्वीट्जरल्यान्ड र इटाली भ्रमण गरेकी पश्चिम दिल्लीकी ६८ वर्षीया एक महिला रहेकी छिन्।

कोरोना सङ्क्रमण रोक्न भारत सरकारले विभिन्न उपाय अवलम्बन गरेको छ। धेरैजसो राज्यमा शैक्षिक संस्था र सिनेमा घर मार्च ३१ सम्म बन्द गरिएका छन्। अधिकांश खेल कार्यक्रम पनि रद्द गरिएका छन्। मानिसलाई अनावश्यक विदेश भ्रमण नगर्न र ठूलो समूहमा भेला नहुन सरकारले अनुरोध गरेको छ।

**ट्रम्पमा देखिएन कोरोना संक्रमण**

यसैबीच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई कोरोना भाइरसको सङ्क्रमण नदेखिएको अमेरिकी स्वास्थ्य अधिकारीले बताएका छन्। राष्ट्रपति ट्रम्पले कोरोना सङ्क्रमित रहेका व्यक्ति संलग्न केही कार्यक्रममा सहभागी भएका कारण उनीमाथि पनि कोरोना सङ्क्रमण भएको आशंका गरिएको थियो।

### सामुह बाहिर काठ विक्रि सम्बन्धी सूचना

लट न १,२ को साल जातको गोलिया थान ७९को ९०८.९५क्यु फिट लट न ४ को साज गोलिया थान ४२को ७०३.१७ क्यु फिट लट न ५ साल दाउरा ०.२५चट्टा समुह भन्दा बाहिर बिक्री वितरण गर्नु पर्ने भएकाले काठ जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वाकम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। पूर्ण व्यहोराको सूचना समूहको सूचनापाटीमा टांस गरिएको छ।

**प्रगतिशील सामुदायिक बन उपभोक्ता समुह**
**उदयपुरगढी ७ उदयपुर**

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिति २०७४/०७/२८ को निर्णयानुसार यस इ क्यास प्रा.लि. को नाम परिवर्तन गरी उक्त कम्पनीको ऋण, धन, दायित्व आदि परिवर्तित कम्पनी **क्यास पे प्रा.लि**. ले सकार्ने व्यहोर्ने गरी नाम परिवर्तन गर्ने सम्बन्धमा स्वीकृति प्राप्त भएको हुँदा सोही व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**क्यास पे प्रा.लि.**
(प्रा.लि.नं.: १७५८३२)
काठमाडौं महानगरपालिका-१५, काठमाडौं

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभागको**
### सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त श्री **प्रोफेशनल मेनपावर सर्भिसेज प्रा.लि.** (ई.प्र.नं. ४३१)ले आफ्नो रजिष्टर्ड कार्यालयको साविकको ठेगाना **काठमाडौं जिल्ला टोखा न.पा. वडा नं. ०५ बसुन्धाराबाट** बाट परिवर्तन गरी **काठमाडौं जिल्ला टोखा न.पा. वडा नं. ०७ धापासी मा** राख्नको लागि माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता तथा नवीकरण शाखामा दावी विरोध गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

### डि डि ह्युमन रिसोर्स प्रा. लि. को अत्यन्त जरुरी सूचना

विश्वव्यापी रुपमा फैलिदै गएको नोभल कोरोना भाइरस (COVID-19) रोगका कारणले गर्दा वैदेशिक रोजगार विभागले समेत श्रमस्वीकृती रोकेको हुदाँ यस प्रा.लि. को सम्पूर्ण काम वैदेशिक रोजगार विभाग सँग सम्बन्धित भएको हुदाँ आजको मितिबाट यस प्रा.लि. ले श्रम स्वीकृति नखुलेसम्म आफ्नो कार्य पनि बन्द गराएको र अती आवश्यक (यस प्रा.लि. सँग सम्बन्धित) कार्य भएमा निम्न सम्पर्कमा सम्पर्क गर्नहुन भनि सूचना प्रकाशित गरेको जानकारी गराउँदछौ।

Lic. No.: 1043/073/74 DD Human Resource Private Limited DD Human Resource Pvt. Ltd.
**डि डि ह्युमन रिसोर्स प्रा. लि.**
दाई कम्प्लेक्स, गुहेश्वरी, काठमाडौं, नेपाल
सम्पर्क नं.: ९८०११२२२२८, ९८०१६५०००७, ९८०११२२२२१


## मलेशियामा रोजगार | Company : LOONG SENG ENGINEERING SDN.BHD. City : PAHANG

पूर्व स्वीकृत मितिः २०७६/०९/२३ चलानी नं.: ६०१४९७८१ L.T. No.: 230700 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 8 | 0 | स. काममा दक्ष | 1100 | ३०,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा चैत १० र ११ गते (23 & 24 2020) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**मदरल्याण्ड ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं. ३३९/०५९/०६०
बसुन्धारा-०३ काठमाडौं, फोन: ४३६११११, ४३६६३१८ Fax: 436474
Email : motherlandovs@gmail.com, info@motherlandovs.com



## मलेशियामा रोजगार | कम्पनी : SIANG LEE HENG ENTERPRISE SDN BHD शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/१०/२९ चलानी नं.: ६०१५१६३८ LT. No.: 232936 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Livestock Worker | 20 | 0 | स. काममा दक्ष | 1200 | ३३,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा चैत १० गते (23 March 2020) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Believable Overseas Pvt.ltd.**
ईजाजत नं. १२८३/०७४/०७५
Maharajgunj, Chakrapathe, Sallaghari, Kathmandu, Tel No: 01-4378500, 4378501



## मलेसियामा रोजगार | कम्पनी: HOME UPHOLSTERY INDUSTRIES SD.N. BHD. शहर : JOHOR

पूर्व स्वीकृत मितिः २०७६/१२/०२ चलानी नं.: ६०१५३४६५ L.T. No.: 235009

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 34 | 0 | स. काममा दक्ष | 1200 | ३३,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय धोबिघाट, ललितपुरमा चैत १२ देखि १७ गतेसम्म (25 to 30 March 2020) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**बज्र ह्युमेन रिसोर्सेज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ५१७/०६२/०६३
जि.पि.ओ.बक्स: २३९०१, धोबीघाट, नयाँबाटो, ललितपुर, नेपाल, फोन: ५५५५८२३, फ्याक्स: ५५४३७६९
Email: info@bajrahrs.com, bajra_1@yahoo.com, bajrah@gmail.com | url: www.bajrahrs.com



## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL NAJMA AL FAREEDA BLDG AND PEST CONTROL BRANCH, DUBAI
पुर्व स्वीकृत मितिः २०७६/११/१५ चलानी नं.: ६०१५२५३५ LT. No.: 234183 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Cleaner | 50 | 0 | स. काममा दक्ष | 800 | २५,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा चैत १० गते (23 March 2020) मा हुनेछ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Empower Human Resources Management Pvt. Ltd**
Gov. Lic No. 1150/073/074
Sinamangal -9, Kathmandu, Nepal, Tel.: 00977- 4488265
Mob.: 9814048923, 9819063243, 9813657032, 9808658844, 9851071436 9803592045, 9845417639, 9801402996 9851190570, 9801625801, Email: empowerhr1150@gmail.com



## UAE मा रोजगार | कम्पनी: AL MANSOOR ENTERPRISES L.L.C. शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०७६/१२/०२ चलानी नं.: ६०१५३४७६ LT. No.: 234979

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Distribution Cables Electrician/ Office Clerks Gen | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Reinforcing Fitter/ Stone Mason/ Construction Carp | 150 | 0 | | 1200 | ३८,५४५ | | | | | | | |
| 3. | Ordinary Labourer | 200 | 0 | | 800 | २५,६९५ | | | | | | | |
| 4. | Pipe Fitter/ Pipe Welder | 20 | 0 | | 1200 | ३८,५४५ | | | | | | | |
| 5. | Clints Survices Clerk/ Messenger/ Ticket Collector | 0 | 45 | | 1200 | ३८,५४५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा चैत १०, ११, १२ र १३ गते (23, 24, 25 & 26 March 2020) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

